# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन २५३०
पोष्ट बक्स: ७३
Email: fxmd_policy@nrb.org.np


इ.प्रा. परिपत्र संख्या : ८/२०८१-८२

मितिः २०८२/०३/०४

**श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु र अन्य निकायहरु ।**

**विषय : नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ मा संशोधन गरी जारी गरिएको सम्बन्धमा ।**

महाशय,

नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ मा संलग्नबमोजिम संशोधन (चौथो संशोधन) गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(रेवतीप्रसाद नेपाल)
कार्यकारी निर्देशक

**संलग्नः**
नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (चौथो संशोधनसहित) ।

**बोधार्थः**
१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, परराष्ट्र मन्त्रालय ।
४) नेपाल सरकार, लगानी बोर्डको कार्यालय ।
५) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
६) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग ।
७) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय ।
८) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
९) श्री नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभाग ।
१०) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
११) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१२) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१३) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
१४) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
१५) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१६) श्री नेपाल उद्योग परिसंघ ।
१७) श्री नेपाल चेम्बर अफ कमर्स ।
१८) श्री नेपाल बैंकर्स संघ ।
१९) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
२०) श्री वित्तीय संस्था संघ ।
२१) श्री लघुवित्त बैंकर्स संघ ।

# नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८

(चौथो संशोधनसहित)

**नेपाल राष्ट्र बैंक**

केन्द्रीय कार्यालय

विदेशी विनिमय व्यवस्थापन विभाग

२०७८

[1]**पहिलो संशोधन**: नेपाल राष्ट्र बैंक व्यवस्थापन समितिको मिति २०७८/०९/२७ मा बसेको ४६०औं बैठकको निर्णयबमोजिम अनुसूची-१० मा संशोधन ।

[2]**दोस्रो संशोधनः** नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम ।

[3]**तेस्रो संशोधनः** नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम ।

[4]**चौथो संशोधनः** नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम ।

# नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८

विदेशी लगानी बापतको विदेशी मुद्रा भित्र्याउने स्वीकृति तथा लेखाङ्कन गर्ने, विदेशी लगानी तथा सोबाट आर्जित रकम फिर्ता लैजाने, विदेशी ऋणको स्वीकृति, विदेशी ऋणबापत विदेशी मुद्रा भित्र्याउने तथा सोको लेखाङ्कन गर्ने र विदेशी ऋणको साँवा तथा ब्याज भुक्तानीका लागि विदेशी मुद्राको सटही प्रदान गर्ने, **विदेशमा लगानीको नियमन**[४] लगायतका विषयहरूलाई व्यवस्थित तथा सहजीकरण गरी विदेशी लगानी आकर्षित गर्न एवम् आर्थिक क्रियाकलापहरू सहज रूपमा सञ्चालन हुने वातावरण सिर्जना गर्न वाञ्छनीय भएकोले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरू बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस विनियमावलीको नाम "नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।[*]

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीको प्रयोजनको लागि :

(क) "एकाई" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३७ बमोजिम स्थापना भएको एकल विन्दु सेवा केन्द्रमा रहेको नेपाल राष्ट्र बैंक विदेशी विनिमय व्यवस्थापन विभाग अन्तर्गतको विदेशी विनिमय सहजीकरण एकाईलाई सम्झनु पर्छ ।

(ख) "एकाई संयोजक" भन्नाले नेपाल राष्ट्र बैंकबाट खटाइएको एकाईको प्रमुखलाई सम्झनु पर्छ ।

(ग) "ऋणको स्रोत" भन्नाले देहायबमोजिम सम्झनु पर्छ :

(१) विदेशी ऋणदाता संस्थाको हकमा संस्थाको पछिल्लो लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित खुद सम्पत्ति (Net-Worth) वा बैंक मौज्दातलगायतको तरल सम्पत्ति तथा उपयोग गर्न बाँकी रहेको स्वीकृत कर्जा सीमा ।

तर, अमेरिकी डलर १० लाख वा सोबराबरको विदेशी मुद्राभन्दा कम रकमको ऋणको हकमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन । त्यस्तै,

---

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

[*] *नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७८/०२/१७ मा बसेको ५/२०७८औं वैठकबाट स्वीकृत भएको ।*

विदेशी ऋणदाताले पेश गर्ने वित्तीय विवरण लेखापरीक्षण गर्न नपर्ने व्यहोराको प्रमाण सहित सञ्चालक समिति/उच्च व्यवस्थापनले तयार गरेको वित्तीय विवरण संलग्न भई आएमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन ।

(२) विदेशी ऋणदाता प्राकृतिक व्यक्ति भएको अवस्थामा निज र/वा निजको परिवारको सदस्यको स्वामित्वमा रहेको खुद सम्पत्ति (Net-Worth) वा बैंक मौज्दातलगायतको तरल सम्पत्ति तथा उपयोग गर्न बाँकी रहेको स्वीकृत कर्जा सीमा ।

(घ) **"प्रविधि हस्तान्तरण" भन्नाले उद्योग र विदेशी लगानीकर्ताबीच वा नेपालमा स्थापना भई सञ्चालनमा रहेको उद्योग वा कम्पनी र विदेशस्थित उद्योग, फर्म वा कम्पनीबीच देहायको विषयमा सम्झौता गरी गरिने प्रविधि हस्तान्तरण सम्झनु पर्छ :-**[४]

**(१) पेटेण्ट, डिजाइन, ट्रेडमार्क, व्यापारिक ख्याति (गुडविल), प्राविधिक विशिष्टता, प्राविधिक ज्ञानको प्रयोग (फ्रेञ्चाइज), सूत्र (फर्मूला), प्रक्रिया,**

**(२) उपयोगको इजाजत (युजर्स लाइसेन्स) वा प्राविधिक जानकारी प्रदान (नो हाउ शेयरिङ्ग),**

**(३) व्यवस्थापन तथा प्राविधिक सेवा, सूचना प्रविधि, मार्केटिङ तथा मार्केट रिसर्च, वित्तीय, लेखा तथा लेखापरीक्षण, इन्जिनीयरिङ, आउटसोर्सिङ, मानव संसाधन आउटसोर्सिङ, डिजिटल डेटा प्रोसेसिङ तथा डिजिटल डेटा माइग्रेशन, डिजाइन सेवा वा अन्य प्राविधिक सीप वा ज्ञान,**

**(४) रिभर्स इञ्जिनीयरिङ्ग ।**

(ङ) "बैंक तथा वित्तीय संस्था" भन्नाले प्रचलित कानूनबमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरी वित्तीय कारोबार गर्ने उद्देश्यले स्थापना भएको संस्थालाई सम्झनु पर्छ ।

(च) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम संस्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(छ) "लगानीको स्रोत" भन्नाले देहायबमोजिम सम्झनु पर्छ :[२]

---

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

(१) संस्थाको हकमा संस्थाको पछिल्लो लेखापरीक्षण प्रतिवदेनमा उल्लिखित खुद सम्पत्ति (Net-Worth) वा बैंक मौज्दातलगायतको तरल सम्पत्ति तथा उपयोग गर्न बाँकी रहेको स्वीकृत कर्जा सिमा ।

तर, अमेरिकी डलर १० लाख वा सो बराबरको विदेशी मुद्राभन्दा कम रकमको लगानीको हकमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन । त्यस्तै, विदेशी लगानीकर्ताले पेश गर्ने वित्तीय विवरण लेखापरीक्षण गर्न नपर्ने व्यहोराको प्रमाण सहित सञ्चालक समिति/उच्च व्यवस्थापनले तयार गरेको वित्तीय विवरण संलग्न भई आएमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन ।

(२) प्राकृतिक व्यक्तिको हकमा निज र/वा निजको परिवारको सदस्यको स्वामित्वमा रहेको खुद सम्पत्ति (Net-Worth) वा बैंक मौज्दातलगायतको तरल सम्पत्ति तथा उपयोग गर्न बाँकी रहेको स्वीकृत कर्जा सीमा ।

(छ)क "वास्तविक धनी" भन्नाले प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन र नियमावली बमोजिमको वास्तविक धनी सम्झनु पर्छ ।[२]

(ज) "विदेशी ऋणदाता" भन्नाले विदेशी ऋण प्रदान गर्ने विदेशी बैंक तथा वित्तीय संस्था, विदेशी सरकार वा केन्द्रीय बैंक वा अन्य नियामक निकायबाट कर्जा प्रवाह गर्न स्वीकृति प्राप्त गरेका लगानी कम्पनी, पेन्सन फण्ड, हेज फण्ड, अन्तर्राष्ट्रिय संस्था, विदेशी लगानीमा स्थापित कम्पनी/उद्योगका प्यारेण्ट कम्पनी/प्यारेण्ट कम्पनीको समूह, होल्डिङ्ग कम्पनी वा होल्डिङ कम्पनी अन्तर्गतका अन्य कम्पनीहरूको समूह, विदेशी फर्म, कम्पनी तथा संस्थालगायतका ऋण प्रदायक, विदेशी व्यक्ति, गैर आवासीय नेपालीलाई सम्झनु पर्छ ।

(झ) "विदेशी मुद्रा" भन्नाले नेपाली मुद्रा बाहेक अन्य मुद्रा सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट रकम झिक्ने विशेष अधिकार (स्पेशल ड्रइङ्ग राइट्स), एशियन करेन्सी युनिट, युरोपियन करेन्सी युनिट तथा राष्ट्र बैंकले आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य उपकरण समेतलाई जनाउँछ ।

(ञ) "विदेशी लगानी" भन्नाले विदेशी लगानीकर्ताले उद्योग वा कम्पनीमा गरेको देहायको लगानी सम्झनु पर्छ :

(१) विदेशी मुद्रामा गरिने शेयर लगानी,

(२) उद्योगमा विदेशी मुद्रा वा शेयरबाट प्राप्त लाभांश रकमको पुनः लगानी,

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

**(२क) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ३ को अधीनमा रही मेशिन, औजार, उपकरण मार्फत गरिने शेयर लगानी,**[४]

(३) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ६ बमोजिम गरेको लिज लगानी (लिज फाइनान्स),

(४) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ९ बमोजिम पुँजी लगानी कोषमा गरेको लगानी,

(५) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा १० बमोजिम धितोपत्रको दोस्रो बजार मार्फत सूचीकृत धितोपत्रमा गरेको लगानी,

(६) नेपालमा संस्थापना भएको कम्पनीको शेयर वा सम्पत्ति खरिद गरी भएको लगानी,

(७) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ११ बमोजिम नेपालमा संस्थापित उद्योग वा कम्पनीले विदेशी पुँजी बजारमा धितोपत्र जारी गरी बैकिङ्ग प्रणाली मार्फत प्राप्त भएको लगानी,

(८) प्रविधि हस्तान्तरणद्वारा भएको लगानी, वा

(९) नेपालमा उद्योग स्थापना र विस्तार गरी कायम भएको लगानी ।

**(१०) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ९क. बमोजिम विशिष्टीकृत लगानी कोषको इकाईमा गरेको लगानी ।**[४]

(ट) "विदेशी लगानीकर्ता" भन्नाले विदेशी लगानी गर्ने विदेशी व्यक्ति, फर्म, कम्पनी, गैर आवासीय नेपाली वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्था वा अन्य यस्तै प्रकारका संगठित संस्थालाई सम्झनु पर्छ र सो शब्दले विदेशी लगानीकर्ता कुनै संस्थागत विदेशी लगानीकर्ता भएमा त्यस्तो संस्थाको वास्तविक धनीलाई समेत जनाउँछ ।[२]

(ठ) "विदेशी लगानी स्वीकृत गर्ने निकाय" भन्नाले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा १७ बमोजिमको निकाय सम्झनु पर्छ । साथै, सो शब्दले प्रचलित नेपाल कानूनबमोजिम विदेशी लगानी स्वीकृत गर्ने सम्बन्धित निकाय समेतलाई जनाउँछ ।[२]

**(ठ१.) "विदेशमा लगानी" भन्नाले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (छ४) बमोजिमको विदेशमा लगानीलाई सम्झनु पर्छ ।**[४]

---

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

(ड) “विदेशी विनिमय” भन्नाले विदेशी मुद्रा, विदेशी मुद्रामा भुक्तानी हुने वा प्राप्त हुने सबै किसिमको निक्षेप, कर्जा, मौज्दात, विदेशी धितोपत्र र विदेशी मुद्रामा भुक्तानी हुने वा हुन सक्ने अन्तर्राष्ट्रिय प्रचलनमा रहेको चेक, ड्राफ्ट, ट्राभलर्स चेक, इलेक्ट्रोनिक फण्ड ट्रान्सफर, क्रेडिटकार्ड, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य जुनसुकै मौद्रिक उपकरण समेतलाई जनाउँछ ।

(ढ) “विभाग” भन्नाले नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागलाई सम्झनु पर्छ ।

(ढ)क “शेयर स्वामित्व परिवर्तनमार्फत गरिने विदेशी लगानी” भन्नाले देहायबमोजिमका विदेशी लगानी बाहेक अन्य विदेशी लगानीलाई सम्झनुपर्छ :[२]

(१) विदेशी लगानी प्राप्त गरी नयाँ स्थापना हुने उद्योग (Greenfield Investment) ।

(२) कायम रहेको नेपाली उद्योगमा कायम रहेका शेयरधनीहरू र तिनको उक्त उद्योगमा कायम रहेको शेयर अनुपात परिवर्तन नहुने गरी हुने विदेशी लगानी ।

(ण) “सम्बन्धित निकाय” भन्नाले व्यक्ति, फर्म, कम्पनी, उद्योग, संस्थाको नियमन, सहजीकरण, निरीक्षण, सुपरिवेक्षण गर्ने प्रचलित कानूनबाट अधिकारप्राप्त निकाय सम्झनु पर्छ ।

## परिच्छेद - २

## विदेशी लगानी भित्र्याउने र लेखाङ्कन गर्ने व्यवस्था

३. <u>सम्भाव्यता अध्ययन र पूर्व सञ्चालन खर्च बापतको विदेशी मुद्रा भित्र्याउने सम्बन्धमा:</u> (१) विदेशी लगानी हुने कम्पनी तथा उद्योगमा कम्पनी तथा उद्योगको दर्तालगायतका सम्भाव्यता अध्ययन खर्च र पूर्व सञ्चालन खर्च बापतको विदेशी मुद्रा इच्छुक विदेशी लगानीकर्ताले बैंकिङ्ग प्रणालीमार्फत नेपाल पठाउन/भित्र्याउन विदेशी लगानीको पूर्व स्वीकृति वा राष्ट्र बैंकको स्वीकृति अनिवार्य हुने छैन ।

(२) उप-विनियम (१) बमोजिमको रकम विदेशी लगानी हुने कम्पनी तथा उद्योगको कायम हुने चुक्ता पुँजीको ३ प्रतिशतमा नबढ्ने गरी लेखापरीक्षकबाट खर्च प्रमाणित गरेबमोजिम विदेशी लगानीमा गणना गर्न सकिनेछ र सोको लेखाङ्कन विनियम ५ बमोजिम गराउनु पर्नेछ । तर, विदेशी लगानी हुन नसकेको खण्डमा वा विदेशी लगानीमा गणना भएको रकमभन्दा बढी रकम भएमा त्यस्तो रकम फिर्ता पठाउन सकिने छैन ।

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

(३) उप-विनियम (१) बमोजिमको रकम बैंक तथा वित्तीय संस्थाले इच्छुक विदेशी लगानीकर्ता वा निजको आधिकारिक स्थानीय प्रतिनिधिको खातामा जम्मा गरिदिन सक्नेछ । उक्त रकम जम्मा गरिदिन इच्छुक विदेशी लगानीकर्ता र निजको आधिकारिक स्थानीय प्रतिनिधि भए निजबाट बैंक तथा वित्तीय संस्थाले अनुसूची-१ को ढाँचामा निवदेन लिनु पर्नेछ ।

४. राष्ट्र बैंकको पूर्व स्वीकृति आवश्यक नपर्ने : (१) विदेशी लगानीकर्ताले विदेशी लगानी स्वीकृति गर्ने निकायबाट विदेशी लगानीको स्वीकृति प्राप्त गरे पश्चात सो बापतको विदेशी मुद्रा नेपाल पठाउन वा भित्र्याउन राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिन अनिवार्य हुने छैन । तर, विदेशी लगानी स्वीकृत भए पश्चात विदेशी मुद्रा भित्र्याउनु वा पठाउनु पूर्व, अनुसूची-२ को ढाँचामा एकाईमा लिखित जानकारी दिनु पर्नेछ ।[४]

(२) उप-विनियम (१) बमोजिम नेपाल भित्रिएको विदेशी लगानी बापतको रकम बैंक तथा वित्तीय संस्थाले अनुसूची-३ बमोजिमका कागजातहरूको यकिन गरी सम्बन्धित कम्पनी, उद्योग, वा **सम्बन्धित विदेशी लगानीकर्ताको**[४] खातामा जम्मा गर्नेछ ।

(३) उप-विनियम[३] (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शेयर स्वामित्व परिवर्तन भई गरिने विदेशी लगानी बापतको विदेशी मुद्रा नेपाल पठाउन वा भित्र्याउन राष्ट्र बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ । सोका लागि विदेशी लगानी हुने उद्योग/कम्पनी वा विदेशी लगानीकर्ताले अनुसूची-४ मा उल्लिखित कागजातसाथ एकाईमा निवदेन पेश गर्नुपर्नेछ । सम्पूर्ण कागजात सहित निवेदन प्राप्त भएको मितिले १५ कार्यदिनभित्र राष्ट्र बैंकले सोसम्बन्धी निर्णय गरी निवेदकलाई लिखित जानकारी दिनेछ ।[२] यसरी राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरेको विदेशी लगानी बापतको विदेशी मुद्रा बैंक तथा वित्तीय संस्थाले यकिन गरी सम्बन्धित उद्योग/कम्पनीको खातामा जम्मा गर्नेछ ।

तर, देहायका अवस्थामा शेयर स्वामित्व परिवर्तन भई गरिने विदेशी लगानीमा राष्ट्र बैंकको स्वीकृति आवश्यक पर्ने छैन । सोको लागि उप-विनियम (१) र (२) को प्रक्रिया पुर्‍याई सम्बन्धित कम्पनी वा उद्योगको खातामा विदेशी लगानी बापतको रकम जम्मा हुनेछ ।[३]

(१) कायम रहेको नेपाली उद्योगमा कायम रहेका कुल नेपाली शेयरधनीहरुको शेयर धारण अनुपात नघट्ने गरी हुने विदेशी लगानी ।

---

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

(२) धितोपत्र बजारमा सूचीकृत कम्पनीमा हुने विदेशी लगानी ।

(३) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिमको रुग्ण उद्योग ।

(४) **नेपाल राजपत्रमा मिति २०८०/०६/१५ मा प्रकाशित सूचनाबमोजिम स्वचालित मार्गबाट विदेशी लगानी गर्न सकिने उद्योगमा हुने विदेशी लगानी ।**[४]

(४) उप-विनियम (१), (२) र (३) बमोजिम र विनियम ३ को उप-विनियम (१) बमोजिमको विदेशी मुद्रा नेपाल भित्रिए पश्चात सम्बन्धित बैंक तथा वित्तीय संस्थाले अनुसूची-५ को ढाँचामा प्रमाणपत्र जारी गर्नुपर्नेछ ।

(५) **यस विनियममा जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र निष्काशन तथा बाँडफाँड (आठौं संशोधन) निर्देशिका, २०८१ को परिच्छेद-२क. बमोजिम गैर आवासीय नेपालीले संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको शेयरमा आवेदन दिने प्रयोजनको लागि विदेशी लगानीको स्वीकृतिअगावै त्यस्तो रकम विदेशी लगानीकर्ताको खातामा भित्र्याउन र रकम भित्रिए पश्चात् विदेशी लगानीको स्वीकृति प्राप्त भएमा समेत यस विनियमको प्रयोजनको लागि बाधा पुर्‍याएको मानिने छैन ।**

**शेयर बाँडफाँडमा नपरी आवेदन गरेको रकम विदेशमा फिर्ता गर्नु परेमा खाता रहेको बैंक-वित्तीय संस्था वा आवेदक गैर-आवासीय नेपालीले संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनी वा सोको शेयर रजिष्ट्रारको सिफारिस सहित एकाईमा निवेदन पेश गर्नु पर्नेछ ।**[४]

(६) **विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा १९(३) को व्यवस्थाबमोजिम प्रचलित कानुनबमोजिम हुने कर बापतको रकम सम्बन्धित विदेशी लगानीकर्ता, उद्योग/कम्पनी, वा कर कार्यालयको नाममा प्राप्त हुने गरी बैंक तथा वित्तीय संस्था मार्फत भित्र्याउन सकिनेछ । यस्तो रकम भित्र्याउन राष्ट्र बैंक वा विदेशी लगानी स्वीकृत गर्ने निकायको स्वीकृति आवश्यक पर्ने छैन ।**[४]

५. विदेशी लगानीको लेखाङ्कन गराउनु पर्ने : (१) विनियम ३ र विनियम ४ बमोजिम नेपाल भित्रिएको विदेशी लगानीबापतको रकम र प्रचलित कानूनबमोजिमको विदेशी लगानीलाई लेखाङ्कन गराउन विदेशी लगानी भएको कम्पनी/उद्योग वा विदेशी लगानीकर्ताले अनुसूची-६ बमोजिमका कागजातहरू संलग्न गरी विदेशी मुद्रा भित्रिएको वा विदेशी लगानी भएको छ महिनाभित्र अनुसूची-७ को ढाँचामा एकाईमा निवदेन पेश गर्नुपर्नेछ ।

(२) यो विनियमावली लागू हुनुपूर्व (संशोधन समेत) भित्रिएको विदेशी लगानी बापतको रकम वा प्रचलित व्यवस्थाबमोजिम भएको विदेशी लगानी तर लेखाङ्कन भइनसकेको

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

हकमा त्यस्तो रकम/लगानी लेखाङ्कनको लागि समेत **२०८२**[४] **पुस मसान्तभित्र** उप-विनियम (१) बमोजिमका कागजात सहित एकाईमा निवेदन पेश गर्नुपर्नेछ ।[२]

(३) उप-विनियम (१) र (२) बमोजिमका सम्पूर्ण कागजात सहित निवेदन प्राप्त भएको मितिले सात कार्य दिनभित्र राष्ट्र बैंकले लेखाङ्कनसम्बन्धी निर्णय गरी अनुसूची-८ बमोजिमको लेखाङ्कनको प्रमाणपत्र उपलब्ध गराउने छ ।

(४) विदेशी लगानीको स्वीकृति प्राप्त गरे पश्चात् विनियम ४(३) बमोजिम विदेशी मुद्रा भित्र्याउन यस बैंकको पूर्व स्वीकृति नलिई वा विनियम ४(१) मा व्यवस्था भए बमोजिम अनुसूची-२ को ढाँचामा एकाईमा लिखित जानकारी गराउन छुट हुन गई भित्रिएको विदेशी लगानीको समर्थन-स्वीकृति एवम् लेखाङ्कनका लागि सोको कारण सहित अनुसूची-७क बमोजिमका कागजातहरू संलग्न गरी अनुसूची-७ख बमोजिमको ढाँचामा एकाईमा निवदेन पेश गर्नुपर्नेछ । यस व्यवस्था अन्तर्गत निवेदन पेश गर्ने म्याद **२०८२ पुस मसान्त**[४] हुनेछ ।[२]

(५) उप-विनियम (४) बमोजिमका सम्पूर्ण कागजात सहित निवेदन प्राप्त भए पश्चात् राष्ट्र बैंकले विदेशी लगानीको समर्थन-स्वीकृति एवम् लेखाङ्कनसम्बन्धी निर्णय गरी सो व्यहोरा समेत जनाई अनुसूची-८ बमोजिमको लेखाङ्कनको प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ ।[२]

(६) विनिमय दरको कारण स्वीकृत विदेशी लगानी रकमभन्दा बढी भित्रिएको रकम फिर्ता पठाउन अनिवार्य हुने छैन । यस्तो बढी भित्रिएको रकम समेतलाई खाम्ने गरी विदेशी लगानी स्वीकृति गर्ने निकायबाट विदेशी लगानीको स्वीकृति प्राप्त भएपश्चात् लेखाङ्कन सम्बन्धी अन्य व्यवस्थाहरुको पालना हुने गरी विदेशी लगानीको रुपमा लेखाङ्कन गर्न सकिनेछ ।[३]

(७) स्वीकृत विदेशी लगानीको रकमभन्दा बढी रकम समेत विदेशी लगानीको रुपमा भित्रिन सक्नेछ । यस्तो बढी भित्रिएको रकमलाई खाम्ने गरी विदेशी लगानी स्वीकृत गर्ने निकायबाट विदेशी लगानीको समर्थन-स्वीकृति प्रदान भएमा वा यस्तो बढी भित्रिएको मितिपश्चात् रकम र मिति समेत उल्लेख भएको विदेशी लगानीको स्वीकृति

---

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

प्रदान भएमा लेखाङ्कन सम्बन्धी अन्य व्यवस्थाहरु पालना हुने गरी विदेशी लगानीको रुपमा लेखाङ्कन गर्न सकिनेछ ।[३]

**(८) उपविनियम (६) र (७) बमोजिम बढी भित्रिएको रकम फिर्ता गर्न निवेदन प्राप्त हुन आएमा सोको यकीन गरी राष्ट्र बैंकले स्वीकृति प्रदान गर्नेछ ।**[४]

## परिच्छेद - ३
## विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजाने सटही स्वीकृति

६. <u>विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजान विदेशी मुद्राको सटही स्वीकृति</u> : (१) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २० तथा दफा २६ का व्यवस्थाहरू बमोजिम देहायका विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजान विदेशी मुद्राको सटही सुविधाका लागि राष्ट्र बैंकबाट स्वीकृति प्रदान गरिने छ :-

(क) विदेशी लगानीको शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) विदेशी लगानीबाट प्राप्त मुनाफा वा लाभांश बापतको रकम,

(ग) उद्योग वा कम्पनी खारेजी वा लिक्विडेसनमा गएकोमा खारेजी वा लिक्विडेसन पश्चात सम्पूर्ण दायित्व चुक्ता गरी बाँकी रहन आउने रकम,

(घ) प्रविधि हस्तान्तरण सम्झौता अर्न्तगत प्राप्त लाभ (रोयल्टी) बापतको रकम,

तर, शतप्रतिशत मदिरा निकासी गर्ने मदिराजन्य उद्योग बाहेक अन्य मदिराजन्य उद्योगमा हुने प्रविधि हस्तान्तरण अन्तर्गतको ट्रेडमार्क उपभोग हुने बापतको रोयल्टी वा शुल्कको हकमा त्यस्तो लाभ बापतको रकम विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ बमोजिम हुनेछ ।

(ङ) लिज लगानी अन्तर्गत लिज भाडा (लिज रेन्ट) रकम,

(च) नेपालमा चलेको मुद्दा, मध्यस्थता वा अन्य कुनै कानूनी प्रक्रियाको अन्तिम व्यवस्थापनबाट प्राप्त गरेको कुनै हर्जाना वा क्षतिपूर्ति बापतको रकम,

(छ) प्रचलित कानूनबमोजिम फिर्ता लैजान पाउने रकम ।

**(ज) विशिष्टीकृत लगानी कोषको इकाई बिक्री बापतको राष्ट्र बैंकले तोके बमोजिमको रकम,**[४]

---

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

**(झ) विशिष्टीकृत लगानी कोषको इकाईबाट प्राप्त मुनाफा।**[४]

(२) उप-विनियम (१) बमोजिमको लगानी तथा आर्जित रकम फिर्ता लैजान विदेशी मुद्राको सटही स्वीकृतिका लागि विदेशी लगानीकर्ता वा विदेशी लगानी भएको कम्पनी/उद्योगले अनुसूची-९ बमोजिमका कागजातहरू संलग्न गरी एकाईमा निवेदन पेश गर्नुपर्नेछ।

(३) विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजाने सटही सुविधा प्रदान गर्दा विदेशी लगानी स्वीकृत गर्ने निकाय वा सम्बन्धित निकायको स्वीकृति/सिफारिसको आधारमा गरिनेछ।

तर, विदेशी लगानी स्वीकृत गर्ने निकाय वा सम्बन्धित निकायको स्वीकृति/सिफारिस उपलब्ध नहुने प्रकृतिको कारोबार वा शाखा कार्यालयहरूमार्फत हुने कारोबारसँग सम्बन्धित सटही सुविधा आवश्यक प्रमाण र औचित्यको आधारमा राष्ट्र बैंकबाट अनुसूची-९क बमोजिम विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजान सटही सुविधा प्रदान गर्न सकिनेछ।[२]

(४) उप-विनियम (२) र (३) बमोजिम सम्पूर्ण कागजात सहित निवेदन प्राप्त भएको मितिले १५ कार्य दिनभित्र राष्ट्र बैंकले सोसम्बन्धी निर्णय गरी निवेदकलाई लिखित जानकारी दिनेछ।

(५) उप-विनियम (४) बमोजिम विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजानको लागि विदेशी मुद्राको सटही स्वीकृति प्रदान गर्दा जुन विदेशी लगानीकर्ता र देशबाट विदेशी लगानी भित्रिएको हो सोही विदेशी लगानीकर्ताको नाममा रहेको बैंक खातामा रकम जम्मा हुने गरी सामान्यतया सोही देशमा विदेशी लगानी तथा आर्जित रकम फिर्ता हुने गरी विदेशी मुद्राको सटही स्वीकृति प्रदान गरिनेछ। सोही विदेशी लगानीकर्ताको नाममा रहेको बैंक खातामा रकम जम्मा हुने गरी फरक देशमा विदेशी लगानी तथा आर्जित रकम फिर्ता गर्दा अनुसूची-९ख बमोजिम गर्न सकिनेछ।[२]

## परिच्छेद - ४

## विदेशी ऋणको स्वीकृति र लेखाङ्कन

७. <u>विदेशी ऋणको पूर्व स्वीकृति लिनुपर्ने:</u> (१) प्रचलित कानूनले छुट दिएकोमा बाहेक नेपाली व्यक्ति, फर्म, कम्पनी, बैंक तथा वित्तीय संस्था तथा अन्य संगठित संस्थाले विदेशी लगानी

---

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको।

तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बमोजिम विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसाय बाहेकका उद्योग वा व्यवसायमा नेपाल बाहिरबाट अनुसूची-१० मा उल्लिखित व्यवस्थाको अधीनमा रही ऋण लिनु परेमा राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ ।[२]

(२) उप-विनियम (१) बमोजिमको विदेशी ऋण लिनका लागि अनुसूची-११ बमोजिमका कागजातहरू संलग्न गरी एकाई वा विभागमा निवेदन पेश गर्नुपर्नेछ ।

(३) उप-विनियम (२) बमोजिम सम्पूर्ण कागजात सहित निवेदन प्राप्त भएको मितिले १५ कार्य दिनभित्र सोसम्बन्धी निर्णय गरी राष्ट्र बैंकले निवेदकलाई लिखित जानकारी दिनेछ ।

(४) उप-विनियम (३) बमोजिम स्वीकृत विदेशी ऋण बापतको विदेशी मुद्रा नेपाल भित्रिए पश्चात् सम्बन्धित बैंक तथा वित्तीय संस्थाले अनुसूची-१२ को ढाँचामा प्रमाणपत्र जारी गर्नुपर्नेछ ।

८. <u>विदेशी ऋणको लेखाङ्कन गराउनु पर्ने</u> : (१) विनियम ७ बमोजिम नेपाल भित्रिएको विदेशी ऋणलाई लेखाङ्कन गराउन (भुक्तानी तालिका स्वीकृत गराउन समेत) ऋणीले अनुसूची-१३ बमोजिमका कागजातहरू संलग्न गरी विदेशी मुद्रा भित्रिएको ६ महिनाभित्र अनुसूची-१४ बमोजिमको ढाँचामा एकाई वा विभागमा निवेदन पेश गर्नुपर्नेछ ।[२]

(२) यो विनियमावली लागू हुनुपूर्व भित्रिएको तर लेखाङ्कन भइनसकेको विदेशी ऋणबापतको रकमको लेखाङ्कनका लागि समेत यो विनियमावली लागू भएको मितिबाट बढीमा एक वर्षभित्र उप-विनियम (१) बमोजिमको कागजात सहित एकाई वा विभागमा निवेदन पेश गर्नुपर्नेछ ।

(३) उप-विनियम (१) र (२) बमोजिम सम्पूर्ण कागजात सहित निवेदन प्राप्त भएको मितिले सात कार्य दिनभित्र राष्ट्र बैंकले सोसम्बन्धी निर्णय गरी अनुसूची-१५ बमोजिमको लेखाङ्कनको प्रमाणपत्र (भुक्तानी तालिकाको स्वीकृति सहित) उपलब्ध गराउनेछ ।[२]

(४) विनियम ७ बमोजिम राष्ट्र बैंकबाट पूर्वस्वीकृति नलिई भित्र्याएको विदेशी ऋणको समर्थन-स्वीकृति एवम् लेखाङ्कनका लागि ऋणीले सोको कारण सहित अनुसूची-११, अनुसूची-१३ (बुँदा नं. १ बाहेकको कागजात) र अनुसूची-१४ बमोजिमका कागजातहरू राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ । सम्पूर्ण कागजात सहित निवेदन प्राप्त भएपश्चात् राष्ट्र बैंकले सोसम्बन्धी निर्णय गरी अनुसूची-१५ बमोजिमको लेखाङ्कनको प्रमाणपत्र (समर्थन-स्वीकृति तथा भुक्तानी तालिकाको स्वीकृति समेत उल्लेख गरी)

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

उपलब्ध गराउन सक्नेछ । यो व्यवस्था अन्तर्गत निवेदन पेश गर्ने म्याद **२०८२ पुसमसान्त**[४] हुनेछ ।[२]

## परिच्छेद - ५

## विदेशी ऋणको भुक्तानी

९. विदेशी ऋण भुक्तानीका लागि विदेशी मुद्राको सटही सुविधा : (१) विनियम ७ बमोजिम राष्ट्र बैंकबाट स्वीकृत प्राप्त गरेका तथा विनियम ८ बमोजिम राष्ट्र बैंकमा लेखाङ्कन भई राष्ट्र बैंकबाट स्वीकृति भएको भुक्तानी तालिकामा उल्लिखित साँवा तथा ब्याज भुक्तानीको लागि आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा बैंक तथा वित्तीय संस्थाबाट प्राप्त गर्न सकिनेछ । उक्त सटही सुविधाको लागि राष्ट्र बैंकको स्वीकृति आवश्यक पर्ने छैन ।

(२) उप-विनियम (१) बमोजिम विदेशी ऋण भुक्तानीको लागि आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधाका लागि सम्बन्धित ऋणीले अनुसूची-१६ बमोजिमका कागजातहरू संलग्न गरी बैंक तथा वित्तीय संस्थामा निवेदन पेश गर्नुपर्नेछ ।

(३) उप-विनियम (२) बमोजिम सम्पूर्ण कागजात सहित निवेदन प्राप्त भएको मितिले सात कार्य दिनभित्र बैंक तथा वित्तीय संस्थाले सोसम्बन्धी निर्णय गरी निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ ।

(४) उप-विनियम (३) बमोजिम विदेशी ऋण भुक्तानी गर्दा जुन विदेशी ऋणदाता र देशबाट विदेशी ऋण भित्रिएको हो सोही विदेशी ऋणदाताको नाममा रहेको बैंक खातामा रकम जम्मा हुने गरी सोही देशमा विदेशी ऋणको भुक्तानी हुनु पर्नेछ ।[२]

## परिच्छेद - ५क[४].

## विदेशमा लगानीको नियमन

**९क. विदेशमा लगानीको नियमन सम्बन्धी व्यवस्था: (१) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ बमोजिम विदेशमा लगानी गर्न पाउने गरी छुट प्राप्त उद्योगले विदेशमा लगानी गर्न आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा राष्ट्र बैंकबाट प्राप्त गर्न सक्नेछ ।**

**(२) औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुनबमोजिम सूचना प्रविधि उद्योगले आफ्नो चुक्ता पूँजीको सीमाभित्र रहने गरी सूचना प्रविधि सम्बन्धी क्षेत्र/उद्योगमा विदेशमा**

---

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

**लगानी गर्न आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा राष्ट्र बैंकबाट प्राप्त गर्न सक्नेछ ।**

**(३) उपविनियम (२) बमोजिमका सूचना प्रविधि उद्योगले कम्तीमा पछिल्ला तीन आर्थिक वर्षहरुमा सूचना प्रविधि सम्बन्धी सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गरेको हुनु पर्नेछ ।**

**(४) उपविनियम (२) बमोजिमका सूचना प्रविधि उद्योगले विदेशमा लगानी गर्न प्राप्त गर्ने विदेशी मुद्राको अधिकतम सीमा उक्त उद्योगले पछिल्ला तीन आर्थिक वर्षहरुमा सूचना प्रविधि सम्बन्धी सेवा निर्यात गरी आर्जन गरेको औसत विदेशी मुद्राको ५० प्रतिशत वा अमेरिकी डलर १० लाख वा सो बराबरको विदेशी मुद्रासम्म (दुई मध्ये न्यून) हुनेछ ।**

**(५) उपविनियम (१) र (२) बमोजिमको सटही सुविधा प्राप्त गर्न अनुसूची-१६क. अनुसारको कागजात संलग्न गरी एकाईमा निवेदन पेश गर्नु पर्नेछ ।**

**(६) उपविनियम (१) र (२) बमोजिम निवेदन प्राप्त भएको मितिले पन्ध्र कार्य दिनभित्र राष्ट्र बैंकले निर्णय गरी निवेदकलाई जानकारी गराउने छ ।**

**(७) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क. को उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका संस्थाहरुले विदेशमा गरेको लगानी सम्बन्धी लेखापरीक्षण भएको वित्तीय विवरण सम्बन्धित देशको आर्थिक वर्ष र नेपालको आर्थिक वर्ष अनुसार आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र एकाईमा पेश गर्नु पर्नेछ । तर, सम्बन्धित देशको कानुनबमोजिम लेखापरीक्षण गर्नु नपर्ने भएमा सो प्रमाणित हुने कागजातसहित लेखापरीक्षण नभएको वित्तीय विवरण पेश गर्न यस उपविनियमको व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।**

**(८) उपविनियम (१) र (२) बमोजिमका संस्थाले विदेशमा लगानीबाट आर्जित रकम वा लगानी फिर्ता गरी नेपालमा रकम भित्र्याउँदा बैंकिङ्ग प्रणालीमार्फत भित्र्याउनु पर्नेछ ।**

**(९) यस विनियमबमोजिम सटही सुविधा लिई विदेशमा लगानी गरेकोमा विदेशी विनिमय अपचलन भएको पाइएमा वा प्रचलित कानुन विपरीत भएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुनेछ ।**

**(१०) यस विनियमबमोजिम विदेशमा लगानीसम्बन्धी तथ्याङ्क/विवरण विदेशमा लगानी गर्ने संस्थाले राष्ट्र बैंकबाट माग भएबमोजिम पेश गर्नु पर्नेछ ।**

## परिच्छेद - ६

## विविध

१०. <u>प्रचलित व्यवस्थाबमोजिम हुने</u> : यो विनियमावली बमोजिम नेपाल भित्र्याइने/भित्रिएको र नेपालबाट बाहिर पठाइने/पठाइएको विदेशी मुद्रा गैरकानूनी ठहरिएमा वा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको पालना नभएको पाइएमा प्रचलित कानूनबमोजिम हुनेछ ।

११. रकम स्थानान्तरण गर्ने : (१) यो विनियमावली बमोजिम विदेशी मुद्रा प्राप्त गर्ने बैंक तथा वित्तीय संस्था र विदेशी लगानी वा विदेशी ऋण प्राप्त गर्ने प्राकृतिक व्यक्ति/फर्म/कम्पनी/संस्थाको खाता रहेको बैंक तथा वित्तीय संस्था फरक परेमा विदेशी मुद्रा प्राप्त गर्ने बैंक तथा वित्तीय संस्थाले विदेशी लगानी वा विदेशी ऋण प्राप्त गर्ने प्राकृतिक व्यक्ति/फर्म/कम्पनी/संस्थाको खाता रहेको बैंक तथा वित्तीय संस्थामा जुन मुद्रामा विदेशी लगानी वा विदेशी ऋण बापतको रकम प्राप्त भएको हो सोही मुद्रामा नै स्थानान्तरण गर्नुपर्नेछ । यसरी रकम स्थानान्तरण गर्दा विदेशी लगानी वा विदेशी ऋण बापत प्राप्त भएको विदेशी मुद्रामा कुनै प्रकारको शुल्क/कमिसन वा फि बापत रकम कट्टा गरेको भएमा सो रकम समेत स्पष्ट रूपमा खुलाई स्थानान्तरण गर्नुपर्नेछ ।

(२) यो विनियमावली बमोजिम भित्रिएको विदेशी मुद्रालाई जम्मा गर्दा बैंक तथा वित्तीय संस्थाले नेपाली रुपैयाँमा गर्नुपर्नेछ ।

तर, रकम भित्र्याउने फर्म, कम्पनी, संस्था, **वा सम्बन्धित विदेशी लगानीकर्ताको**[४] हकमा प्राप्त रकम परिवर्त्य विदेशी मुद्रामा नै खाता खोली जम्मा गरिदिन निवेदन प्राप्त हुन आएमा बैंक तथा वित्तीय संस्थाले सोही बमोजिम जम्मा गरिदिन सक्नेछन् ।[२]

**११क. विदेशी लगानीकर्ताले खाता खोल्ने र सञ्चालन गर्ने सम्बन्धी व्यवस्था[४]: (१) विदेशी लगानीको स्वीकृतिप्राप्त विदेशी लगानीकर्ताले विदेशी लगानी सम्बन्धी रकम नेपाली बैंक तथा वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्रा वा नेपाली रुपैयाँको खाता खोली जम्मा गर्न सक्नेछन् ।**

**(२) विदेशी लगानी बापत आर्जित रकम र लगानी फिर्ताको रकम सम्बन्धित विदेशी लगानीकर्ताको नेपाली बैंक वित्तीय संस्थामा खोलिएको ने.रु. खातामा जम्मा गर्न सकिनेछ ।**

१२. विवरण पेश गर्ने : यो विनियमावली बमोजिम नेपाल भित्रिएको विदेशी मुद्रा र नेपालबाट बाहिरिएको विदेशी मुद्रालगायतका विवरणहरू समावेश गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाले मासिक रूपमा प्रत्येक महिना समाप्त भएको सात दिन भित्र अनुसूची-१७ बमोजिमको विवरण विभाग वा विभागले तोकबमोजिम पेश गर्नुपर्नेछ ।[२] साथै, विदेशी लगानी भित्र्याउने उद्योग र विदेशी ऋण लिने ऋणीले समेत राष्ट्र बैंकले माग गरेबमोजिम विवरण पेश गर्नु पर्नेछ ।[३]

---

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

१३. प्रतिवेदन तयार गर्ने : यो विनियमावली बमोजिम भए गरेका सम्पूर्ण कार्यहरूलाई समेटेर विभागले अर्धवार्षिक रूपमा प्रतिवेदन तयार गर्नेछ ।

१४. अख्तियारको प्रत्यायोजन : यो विनियमावली बमोजिम राष्ट्र बैंकबाट सम्पादन हुने कार्यहरूका लागि अनुसूची-१८ बमोजिम अख्तियारको प्रत्यायोजन गरिएको छ ।

१५. विभागले समेत कार्य सम्पादन गर्न सक्ने : यस विनियमावलीमा एकाईबाट सम्पादन हुने भनी उल्लिखित कार्यहरू आवश्यकतानुसार विभागले समेत सम्पादन गर्न सक्नेछ । साथै, विभागले सम्पादन गर्ने भनी तोकिएका कार्यहरू आवश्यकतानुसार एकाईले समेत सम्पादन गर्न सक्नेछ ।[२]

१६. विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन सहजीकरण समिति: (१) विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापनलाई सहजीकरण तथा समन्वय गर्न देहायबमोजिमको विदेशी लगानी तथा विदेशी ऋण सहजीकरण समिति गठन गरिएको छ :

(क) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक (विभाग हेर्ने) -संयोजक

(ख) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक -सदस्य

(ग) कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग -सदस्य

(घ) सह-सचिव, अर्थ मन्त्रालय -सदस्य

(ङ) सह-सचिव, लगानी बोर्डको कार्यालय -सदस्य

(च) सह-सचिव, परराष्ट्र मन्त्रालय -सदस्य

(छ) महानिर्देशक, उद्योग विभाग -सदस्य

(ज) निर्देशक, नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग -सदस्य-सचिव

(२) उल्लिखित पदेन सदस्यहरू बाहेक संयोजकले आवश्यकतानुसार बढीमा ३ जना विज्ञलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ । समितिको बैठक कम्तीमा त्रैमासिक रूपमा बस्नेछ । बैठकसम्बन्धी कार्यविधि समिति आफैंले तय गरेबमोजिम हुनेछ । समितिको सचिवालय विभागमा रहनेछ ।

(३) विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विदेशी लगानी तथा विदेशी ऋणसम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवम् कार्य प्रणालीको नियमित समीक्षा गरी आवश्यकतानुसार सुधार गर्न राष्ट्र बैंकमार्फत नेपाल सरकार तथा सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने ।

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

(ख) विदेशी लगानीकर्ता, ऋणदाता, ऋणी तथा सरोकारवाला व्यक्ति/निकायको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने/गराउने तथा मातहतका निकायलाई मार्गदर्शन गर्ने ।

(ग) विदेशी लगानी तथा विदेशी ऋणसम्बन्धी कुनै कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण एवम् आवश्यकतानुसार निर्देशन प्रदान गर्ने ।

(घ) विदेशी लगानी तथा विदेशी ऋणका सम्बन्धमा विभिन्न निकायबीच आवश्यक समन्वय तथा सहजीकरण गर्ने/गराउने ।

(ङ) अन्य देशहरूले अवलम्बन गरेका विदेशी लगानीसम्बन्धी नीति, नियम तथा प्रक्रिया अध्ययन गरी सुझाव दिने ।

(च) आवश्यक अन्य कार्यहरू गर्ने/गराउने ।

१६क. विद्युतीय प्रणालीमार्फत् कार्य सम्पादन गर्न सकिनेः यस विनियमावली अन्तर्गतका कार्यहरू राष्ट्र बैंकले विद्युतीय प्रणालीको प्रयोग गरी समेत सम्पादन गर्न सक्नेछ । त्यस्तो प्रणाली सञ्चालनको सार्वजनिक सूचना राष्ट्र बैंकबाट प्रकाशन भएपश्चात् निवेदकले तोकिएबमोजिम नै प्रणालीको प्रयोग गरी निवेदन पेश गर्नु पर्नेछ ।[२]

१७. बाधा अड्काउ फुकाउने : यस विनियमावलीको कार्यान्वयनमा कुनै बाधा अडकाउ आइपरेमा त्यस्तो बाधा अड्काउ गभर्नरले फुकाउन सक्नेछ ।

१८. अनुसूचीमा हेरफेर वा थपघटः गभर्नरले अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

१९. खारेजी तथा बचाउ :

(१) यस विनियमावलीका व्यवस्थाहरूसँग नेपाल राष्ट्र बैंकका निर्देशिकाहरू वा अन्य विनियमावलीहरूमा उल्लिखित व्यवस्थाहरू बाझिएको हदसम्म यसै विनियमावली बमोजिम हुनेछ ।

(२) विदेशी लगानी तथा विदेशी ऋणसम्बन्धी राष्ट्र बैंकबाट जारी भएका देहायका सूचना तथा परिपत्र खारेज गरिएको छ । उक्त सूचना तथा परिपत्राबमोजिम भए गरेका काम कारबाही यसै विनियमावली बमोजिम भए गरेको मानिने छ ।

(क) मिति २०६८/१२/२१ मा परिमार्जन सहित जारी गरिएको नेपाल बाहिरबाट विदेशी विनिमयमा लिने/दिने ऋणसम्बन्धी व्यवस्था ।

(ख) मिति २०६९/१०/०९ को निर्णयानुसार जारी भएको प्रत्यक्ष वैदेशिक लगानी, पुँजी, ऋण, ब्याज, तथा लाभांशसम्बन्धी सूचना (संशोधन सहित) ।

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

(ग) मिति २०७१/११/११ मा जारी भएको विदेशी लगानी तथा ऋणको लेखाङ्कनसम्बन्धी सूचना ।

(घ) मिति २०७३/१२/३१ मा जारी भएको विदेशी लगानी बापतको विदेशी मुद्रा भित्र्याउने, लेखाङ्कन गराउने र लाभांश लैजान दिइएको स्थायी सटही अनुमतिपत्र बारेको सूचना ।

(ङ) मिति २०७५/०३/३२ मा जारी भएको पूर्वाधार विकास निर्माणका आयोजनाहरूले विदेशबाट अल्पकालीन सापटी ल्याउन पाउने व्यवस्थासम्बन्धी सूचना ।

(च) मिति २०७५/११/१५ मा जारी भएको नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूले भारतीय मुद्रामा ऋण लिन सक्ने व्यवस्थासम्बन्धी सूचना ।

(छ) मिति २०७६/०५/२३ मा जारी भएको नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूले परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सक्ने व्यवस्थासम्बन्धी सूचना ।

(ज) मिति २०७६/०५/२३ मा जारी भएको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूले परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सक्ने व्यवस्थासम्बन्धी सूचना ।

(झ) मिति २०७६/११/२९ मा जारी भएको नेपाली नागरिक, फर्म तथा संस्थाहरूले विदेशबाट ऋण लिन पाउने सम्बन्धी सूचना ।

(ञ) विदेशी विनिमय कारोबार गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र : २३/२०७६ को दफा १ र २ ।

(ट) मिति २०७७/०९/२९ मा जारी भएको विदेशी ऋणसम्बन्धी सूचना ।

(ठ) एकल विन्दु सेवा केन्द्र, विदेशी विनिमय सहजीकरण एकाईको कार्य सञ्चालन कार्यविधि, २०७६ ।

## अनुसूची-१
### विनियम ३ को उप-विनियम (३) सँग सम्बन्धित
सम्भाव्यता अध्ययन खर्च र पूर्व सञ्चालन खर्च बापतको विदेशी मुद्रा खातामा जम्मा गर्नेसम्बन्धी निवेदन

Date:

The Manager
.................................. (Name of the Bank and Financial Institution)
........ ……………….(Name of Branch/Office)
............... …………..(Address)

**Subject: Application to Deposit Amount**

Dear Madam/Sir,

Please deposit the amount in the below mentioned account, which has been remitted to your good bank for the purpose of feasibility study, preliminary/pre-operating expenses of company/industry related to foreign investment in Nepal, with following details:

A. Details of Sender:

| | |
|---|---|
| 1. Country: | |
| 2. Bank and financial institution: | |
| 3. Address of the bank and financial institution: | |
| 4. Account name: | |
| 5. Account number: | |

B. Details of Beneficiary:

| | |
|---|---|
| 1. Account name: | |
| 2. Account number: | |
| 3. Amount in FCY: | |

It is hereby declared that the said fund, the undersigned applicant, and the account name where the fund is to be deposited comply with the following:

a. Legal source and legal use.
b. Prevailing Nepali and international legal provisions on Assets (Money) Laundering Prevention and Combating Financing of Terrorism related activities.
c. Is not blacklisted by Credit Information Bureau of Nepal.
d. Prevailing taxation laws of Nepal and the country of origin of the funds.
e. Non-misuse of foreign exchange.
f. The funds shall not be repatriated from Nepal in case the foreign investment could not be made.
g. The account name in Nepali bank and financial institution where the fund is to be deposited is the authorized local agent of interested foreign investor, if any.

Attached are the following documents:

i. Notarised copy of identification documents of interested foreign investor.
ii. Copy of identification documents of authorized local agent of interested foreign investor, if any.
iii. Notarised copy of agency agreement, if any.

Seal/Stamp:

| | |
|---|---|
| Signature: | |
| Name: | |
| Designation: | |
| Institution: | |
| Email: | |
| Website: | |
| Telephone/Cell No.: | |

# अनुसूची-२
## विनियम ४ को उप-विनियम (१) सँग सम्बन्धित
विदेशी मुद्रा भित्र्याउनु पूर्व राष्ट्र बैंकलाई दिइने लिखित जानकारी

Date:

Nepal Rastra Bank
Foreign Exchange Facilitation Unit
One Stop Services Center
Kathmandu, Nepal

**Subject: Information to Remit Foreign Currency for Approved Foreign Investment in Nepal**

Dear Madam/Sir,

We have received approval of foreign investment in Nepal from................................ (Foreign investment approving entity)[२], as follows:

| | |
|---|---|
| Name of the company/industry having approval for foreign investment | |
| Approved amount of foreign investment | |
| Area/Sector of Investment | |
| Foreign investment approved date[३] | |
| **Name of investor(s) :** [४] | |
| **Amount being remitted :**[४] | |
| Details of previous remittance(s) as part of approved foreign investment (Name of foreign investor(s), currency, amount, date of receipt in agency bank, date and amount deposited in Nepali company/industry).[२] | |
| Remarks (further information), if any.[२] | |

Please be informed that we are planning to remit the approved foreign invesment in accordance with Section 16, Sub-Section (1) of Foreign Investment and Technology Transfer Act, 2019.

It is hereby declared that the said foreign currency and the undersigned applicant comply with the following:

1. Legal source and legal use.
2. Prevailing Nepali and international legal provisions on Assets (Money) Laundering Prevention and Combating Financing of Terrorism related activities.
3. Is not blacklisted by Credit Information Bureau of Nepal.
4. Prevailing taxation laws of Nepal and the country of origin of the funds.
5. Non-misuse of foreign exchange.

Enclosure: Industry registration certificate or document showing that the amount being remitted is the one established for foreign investment along with copy of approval of foreign investment from foreign investment approving entity, **notarized copy of passport or notarized copy of registration document of foreign investor, as applicable.**[४]

Seal/Stamp:

| | |
|---|---|
| Signature: | |
| Name: | |
| Designation: | |
| Institution: | |
| Email: | |
| Website: | |
| Telephone/Cell No.: | |

*Note: This information can be submittted electronically to the following email: fxmd_ossc@nrb.org.np*

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

# अनुसूची-३

## विनियम ४ को उप-विनियम (२) सँग सम्बन्धित

बैंक तथा वित्तीय संस्थाले यकिन गर्नुपर्ने कागजातहरू

**अ) विदेशी लगानी प्राप्त गर्ने कम्पनी/उद्योगसम्बन्धी कागजातहरू:**

१. रकम जम्मा गरिदिने सम्बन्धी निवेदन,

२. सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रतिलिपि,

३. विदेशी लगानी स्वीकृतिको प्रतिलिपि,

४. कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाण (सम्पूर्ण कागजात सहित निवेदन पेश गर्दा छ महिना व्यतीत नभएको)।[२]

**आ) विदेशी लगानीकर्तासम्बन्धी कागजातहरू:**

(क) संस्थागत विदेशी लगानीकर्ताको हकमा:

१. संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२. पछिल्लो लेखापरीक्षण प्रतिवेदन को प्रमाणित प्रतिलिपि (तर, अमेरिकी डलर १० लाख वा सो बराबरको विदेशी मुद्राभन्दा कम रकमको लगानीको हकमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन । त्यस्तै, विदेशी लगानीकर्ताले पेश गर्ने वित्तीय विवरण लेखापरीक्षण गर्न नपर्ने व्यहोराको प्रमाण सहित सञ्चालक समिति/उच्च व्यवस्थापनले तयार गरेको वित्तीय विवरण संलग्न भई आएमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन),

३. वास्तविक धनीको पहिचान खुल्ने कागजातको प्रमाणित प्रतिलपि (धितोपत्र बजारमा सूचीकृत कम्पनीको हकमा आवश्यक नपर्ने),[२]

४. *(हटाइएको)*[२]

५. विदेशी लगानी गर्ने सम्बन्धमा सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रमाणित प्रतिलिपि ।

(ख) प्राकृतिक विदेशी लगानीकर्ताको हकमा:

१. राहदानीको प्रमाणित प्रतिलिपि,
तर, नेपाल सरकार र गैर आवासीय नेपालीहरूको संयुक्त लगानीमा स्थापना भएको इन्भेष्टमेन्ट कम्पनीमार्फत् नेपालमा लगानी गर्ने गैर आवासीय नेपालीको हकमा त्यस्तो इन्भेष्टमेन्ट कम्पनीमार्फत् (सञ्चालक समिति वा त्यस्तो समितिको निर्णयबमोजिम अख्तियारप्राप्त अधिकारीले अन्यथा भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने स्व-घोषणा सहित) प्राप्त भएको लगानीकर्ताको सूची (नाम थर, राहदानी नम्बर, जारी गर्ने देश, ठेगाना, रकम भित्र्याएको देश लगायतका विवरण समावेश भएको) प्राप्त भएमा राहदानीको प्रमाणित प्रतिलपि आवश्यक पर्ने छैन ।[२]

२. *(हटाइएको)*[२]

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

(ग) रकम पठाउने प्राकृतिक व्यक्ति/संस्था विदेशी लगानी स्वीकृत गर्ने निकायबाट स्वीकृत विदेशी लगानीकर्ता नभएमा:[२]

१. निजको राहदानीको प्रमाणित प्रतिलिपि/संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलपि,[२]
२. लगानीको स्रोतसम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि,
३. विदेशी लगानीकर्तासँग सम्बन्ध खुल्ने कागजातको प्रमाणित प्रतिलिपि ।
४. रकम पठाउने र रकम प्राप्त गर्ने दुवैको तर्फबाट सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण लगायत अन्य प्रचलित राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको पालना गरिएको/हुने स्वःघोषणा ।[२]
५. रकम पठाउने र रकम प्राप्त गर्ने दुवैको तर्फबाट त्यस्तो कारोबारको व्यहोरा खुल्ने सञ्चालक समितिको निर्णय वा सञ्चालक समिति नहुने प्रकृतिको व्यक्तिको हकमा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रमाणित प्रतिलिपि सहित त्यस्तो करोबार सम्बन्धी करार-सम्झौताको प्रमाणित प्रतिलपि ।[२]
६. रकम पठाउने संस्थाको हकमा वास्तविक धनीको पहिचान खुल्ने कागजातको प्रमाणित प्रतिलपि (धितोपत्र बजारमा सूचीकृत कम्पनीको हकमा आवश्यक नपर्ने) ।[२]

(घ) विदेशी लगानी स्वीकृति भए पश्चात विदेशी मुद्रा भित्र्याउने सम्बन्धी राष्ट्र बैंकलाई लिखित जानकारी दिएको पत्रको प्रतिलिपि (अनुसूची-२ बमोजिम) ।

(ङ) विदेशी लगानीकर्ताले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी गतिविधि निवारण सम्बन्धी प्रचलित राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको पालना गरेको स्वःघोषणा ।[२]

*नोटः*

*१) बैंक तथा वित्तीय संस्थाले दोहोरो नपर्ने गरी उल्लिखित कागजातहरू माग गर्नुपर्नेछ ।*
*२) प्रमाणित भन्नाले नोटरीद्वारा प्रमाणितलाई सम्झनु पर्छ ।*
*३) निवेदक अख्तियारप्राप्त अधिकारी हुनु पर्नेछ ।*

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

# अनुसूची-४

## विनियम ४ को उप-विनियम (३) सँग सम्बन्धित

<u>शेयर स्वामित्व परिवर्तनमार्फत गरिने विदेशी लगानीबापतको विदेशी मुद्रा नेपाल पठाउन वा भित्र्याउन राष्ट्र बैंकको पूर्व स्वीकृतिका लागि पेश गर्नुपर्ने कागजातहरू</u>

**अ) विदेशी लगानी हुने कम्पनी/उद्योगसम्बन्धी कागजातहरू:**

१. विदेशी लगानीबापतको विदेशी मुद्रा नेपाल भित्र्याउने सम्बन्धी निवेदन,
२. सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रतिलिपि,
३. विदेशी लगानी स्वीकृतिको प्रतिलिपि,
४. कम्पनी/उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,
५. व्यवसाय सञ्चालन इजाजतपत्रको प्रतिलिपि (आवश्यकतानुसार),
६. प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,
७. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
८. कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाण (सम्पूर्ण कागजात सहित निवेदन पेश गर्दा छ महिना व्यतीत नभएको),[२]
९. विदेशी लगानीसम्बन्धी सम्झौताको प्रमाणित प्रतिलिपि तथा स्वीकृत शेयर खरिदबिक्री सम्झौता (आवश्यकतानुसार) ।
१०. धितोपत्र बजारमा सूचीकृत नभएका संस्थाको शेयर बिक्रीको हकमा प्रति शेयर मूल्य (Fair Market Value) Specific value अथवा Range (not more than 10% of the lower end price) खुल्ने नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट सदस्यताप्राप्त लेखापरीक्षक वा नेपाल धितोपत्र बोर्डबाट इजाजतप्राप्त Investment Banking सम्बन्धी संस्थाले जारी गरेको Share Valuation Report को प्रमाणित प्रतिलिपि,[३]

**आ) विदेशी लगानीकर्तासम्बन्धी कागजातहरू:**

(क) विदेशी लगानीकर्ता संस्था भएमा:

१. संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
२. पछिल्लो लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि (तर, अमेरिकी डलर १० लाख वा सो बराबरको विदेशी मुद्राभन्दा कम रकमको लगानीको हकमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन । त्यस्तै, विदेशी लगानीकर्ताले पेश गर्ने वित्तीय विवरण लेखापरीक्षण गर्न नपर्ने व्यहोराको प्रमाण सहित सञ्चालक समिति/उच्च व्यवस्थापनले तयार गरेको वित्तीय विवरण संलग्न भई आएमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन),
३. वास्तविक धनीको पहिचान खुल्ने कागजातको प्रमाणित प्रतिलिप (धितोपत्र बोर्डमा सूचीकृत कम्पनीको हकमा आवश्यक नपर्ने),[२]
४. *(हटाइएको)*[२]
५. विदेशी लगानी गर्ने सम्बन्धमा सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रमाणित प्रतिलिपि ।

(ख) विदेशी लगानीकर्ता प्राकृतिक व्यक्ति भएमा:

१. राहदानीको प्रमाणित प्रतिलिपि,

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

तर, नेपाल सरकार र गैर आवासीय नेपालीहरूको संयुक्त लगानीमा स्थापना भएको इन्भेष्टमेन्ट कम्पनीमार्फत् नेपालमा लगानी गर्ने गैर आवासीय नेपालीको हकमा त्यस्तो इन्भेष्टमेन्ट कम्पनीमार्फत् (सञ्चालक समिति वा त्यस्तो समितिको निर्णयबमोजिम अख्तियारप्राप्त अधिकारीले अन्यथा भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने स्व-घोषणा सहित) प्राप्त भएको लगानीकर्ताको सूची (नाम थर, राहदानी नम्बर, जारी गर्ने देश, ठेगाना, रकम भित्रिने देश लगायतका विवरण समावेश भएको) प्राप्त भएमा राहदानीको प्रमाणित प्रतिलपि आवश्यक पर्ने छैन । [२]

२. *(हटाइएको)* [२]

(ग) रकम पठाउने व्यक्ति वा संस्था स्वीकृतिप्राप्त लगानीकर्ता नभएमा अनुसूची-३ को खण्ड (आ) को बुँदा (ग) बमोजिमको कागजात समेत पेश गर्नु पर्नेछ ।[३]

*नोटः*

*१) प्रमाणित भन्नाले नोटरीद्वारा प्रमाणितलाई सम्झनु पर्छ ।*

*२) निवेदक अख्तियारप्राप्त अधिकारी हुनु पर्नेछ ।*

*३) धितोपत्र बजारमा सूचीकृत कम्पनी/उद्योगमा प्रचलित कानूनाबमोजिम धितोपत्र बजारमार्फत शेयर खरिदबाट भएको विदेशी लगानीको हकमा सो प्रमाणित हुने कागजात पेश भएमा त्यस्तो सूचीकृत उद्योग/कम्पनीको हकमा खण्ड अ) अन्तर्गतका बुँदा नं. २, ४, ५, ६, ७ र ८ मा उल्लिखित कागजात आवश्यक नपर्ने ।*

*४)* विदेशी लगानीबाट आर्जित मुनाफालाई सोही उद्योगमा लगानी गर्दा वा विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसाय बाहेक अन्य उद्योगमा लगानी गर्दा सो प्रमाणित हुने कागजात पेश भएमा खण्ड (अ) को बुँदा नं. (३) को कागजात आवश्यक पर्ने छैन ।[३]

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

# अनुसूची-५

## विनियम ४ को उप-विनियम (४) सँग सम्बन्धित

विदेशी मुद्रा भित्र्याए पश्चात सम्बन्धित बैंक तथा वित्तीय संस्थाले जारी गर्ने प्रमाणपत्र

*(To be issued by Head/Corporate Office only, on Letter Head of Certificate Issuing Bank and Financial Institution with following details)*
*Name of Bank and Financial Institution*
*Corporate/Head Office*
*Address:*

*Website:*
*SWIFT Code:*
*Telephone No.:*
*Facsimile No.:*

Date:

Reference Number:
Serial Number:
To,
*Name of Nepali company/industry having approval of foreign investment or prospective investor or authorized local agent, as applicable Address of Nepali company/industry or of prospective investor or authorized local agent, as applicable*

**Subject: Certificate for Inflow of Foreign Currency Pertaining to Foreign Investment**

Dear Madam/Sir,
This certificate has been issued for inflow of foreign currency pertaining to foreign investment, with following details:

| | | |
|---|---|---|
| 1 | Foreign Investor(s) or prospective investor or authorized local agent, as applicable | |
| | a) Name of foreign investor(s) or prospective investor or authorized local agent, as applicable | |
| | b) Address of foreign investor(s) or of prospective investor or authorized local agent, as applicable | |
| 2 | Foreign Investment Approved Amount (Not applicable for feasibility study, premilinary/pre-operating expenses) | |
| | a) Approved amount in Rs. | |
| | b) Equivalent amoung in FCY | |
| 3 | Registration number of Nepali company/industry (Not applicable for feasibility study, premilinary/pre-operating expenses) | |
| 4 | Foreign currency remitted by the foreign investor or prospective investor or authorized local agent, as applicable | |
| 5 | Equivalent Nepali Rupees | |
| 6 | Details of Agency Bank: | |
| | a) Name of agency bank | |
| | b) Address of agency bank | |
| | c) Date | |
| | d) SWIFT Code | |
| | e) Transaction reference | |
| 7 | Foreign investment approval (Not applicable for feasibility study, premilinary/pre-operating expenses): | |
| | a) Foreign investment approving entity | |
| | b) Date of approval | |
| 8 | Inflow of funds from................(Country(ies)).[३] | |

Seal/Stamp:

| Authorized Signatory | | Authorized Signatory | |
|---|---|---|---|
| Name: | | Name: | |
| Designation: | | Designation: | |
| Signature: | | Signature: | |
| Email: | | Email: | |
| Telephone /Cell No.: | | Telephone /Cell No.: | |

Copy to:

1. Nepal Rastra Bank, Central Office, Foreign Exchange Facilitation Unit, One Stop Services Center, Tripureshwor, Kathmandu, Nepal.
2. Foreign Investment Approving Entity of Government of Nepal, Department of Industry or Investment Board of Nepal, as appropriate.
3. Government of Nepal, Company Registrar's Office.

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

## अनुसूची-६
## विनियम ५ को उप-विनियम (१) सँग सम्बन्धित

विदेशी लगानीको लेखाङ्कनका लागि पेश गर्नुपर्ने कागजातहरू

**(क) विदेशी लगानी भित्र्याउने नेपाली कम्पनी/उद्योगसम्बन्धी कागजातः**

१) लगानी लेखाङ्कन गर्ने सम्बन्धी सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रतिलिपि वा सम्बन्धित विदेशी लगानीकर्ता/निजले अख्तियारी प्रदान गरेको व्यक्ति वा संस्थाको निवेदन,[२]

२) विदेशी लगानी स्वीकृतिको प्रतिलिपि,

३) कम्पनी/उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,

४) व्यवसाय सञ्चालनको इजाजतपत्रको प्रतिलिपि (आवश्यकतानुसार),

५) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

६) प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

७) पछिल्लो लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

८) पछिल्लो कर चुक्ता वा कर विवरण पेश गरेको प्रमाणको प्रतिलिपि,

९) कम्पनी रजिष्ट्रारको कार्यालयबाट अद्यावधिक शेयरधनी दर्ता लगतको प्रतिलिपि (धितोपत्र बजारमा सूचीकृत कम्पनीको हकमा धितोपत्र बोर्डबाट इजाजतपत्रप्राप्त शेयर रजिष्ट्रारबाट प्रमाणित शेयर लगत),

१०) विदेशी लगानी बापतको विदेशी मुद्रा नेपाल भित्रिएको सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट जारी भएको प्रमाणपत्र तथा System Generated प्रमाण ।
**तर, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ३ को अधीनमा रही मेशिन, औजार, उपकरण मार्फत गरिने शेयर लगानीको हकमा त्यस्तो मेशिन, औजार, उपकरणको मूल्य समेत खुल्ने भन्सार प्रज्ञापनपत्र ।**[४],

११) विदेशी लगानीसम्बन्धी सम्झौताको प्रमाणित प्रतिलिपि तथा स्वीकृत शेयर खरिद-बिक्री सम्झौता (आवश्यकतानुसार) ।

१२) राष्ट्र बैंकले विदेशी लगानी बापतको विदेशी मुद्रा भित्र्याउन प्रदान गरेको स्वीकृति वा विदेशी लगानीको समर्थन-स्वीकृति वा नियमानुसार गराइएको पूर्व जानकारीको प्रमाण ।[२]

१३) विदेशी लगानी बापतको रकम नेपाल भित्र्याउँदा Swift Charge, Bank Commission, Service fee लगायत विदेशी तथा स्वदेशी बैंक तथा वित्तीय संस्थाले लिने शुल्कको कारण कम हुने भएमा सो प्रमाणित हुने कागजातको आधारमा त्यस्तो शुल्क सहितको रकमलाई विदेशी लगानीको रुपमा लेखाङ्कन गर्न बाधा पर्ने छैन । तर, नेपाल भित्रिएको खुद रकमको ३ प्रतिशत भन्दा बढी हुने गरी त्यस्तो शुल्कबापतको रकमलाई विदेशी लगानीको रुपमा लेखाङ्कन गरिने छैन ।[३]

१४) **कम्पनी/उद्योगको शेयर संख्या परिवर्तन भएमा वा शेयर स्वामित्व परिवर्तन हुँदा कानुनबमोजिम कर लाग्ने भएमा सो दाखिला गरेको निस्सा ।**[४]

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

**(ख) विदेशी लगानीकर्ता संस्थाको हकमा :**

१) संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२) पछिल्लो लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि (तर, अमेरिकी डलर १० लाख वा सो बराबरको विदेशी मुद्राभन्दा कम रकमको लगानीको हकमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन । त्यस्तै, विदेशी लगानीकर्ताले पेश गर्ने वित्तीय विवरण लेखापरीक्षण गर्न नपर्ने व्यहोराको प्रमाण सहित सञ्चालक समिति/उच्च व्यवस्थापनले तयार गरेको वित्तीय विवरण संलग्न भई आएमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन),

३) वास्तविक धनीको पहिचान खुल्ने कागजातको प्रमाणित प्रतिलिप (धितोपत्र बोर्डमा सूचीकृत कम्पनीको हकमा आवश्यक नपर्ने),[२]

**(ग) विदेशी लगानीकर्ता प्राकृतिक व्यक्तिको हकमा :**

१) राहदानीको प्रमाणित प्रतिलिपि ।

तर, नेपाल सरकार र गैर आवासीय नेपालीहरूको संयुक्त लगानीमा स्थापना भएको इन्भेष्टमेन्ट कम्पनीमार्फत् नेपालमा लगानी गर्ने गैर आवासीय नेपालीको हकमा त्यस्तो इन्भेष्टमेन्ट कम्पनीमार्फत् (सञ्चालक समिति वा त्यस्तो समितिको निर्णयबमोजिम अख्तियारप्राप्त अधिकारीले अन्यथा भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने स्व-घोषणा सहित) प्राप्त भएको लगानीकर्ताको सूची (नाम थर, राहदानी नम्बर, जारी गर्ने देश, ठेगाना, रकम भित्र्याएको देश लगायतका विवरण समावेश भएको) प्राप्त भएमा राहदानीको प्रमाणित प्रतिलपि आवश्यक पर्ने छैन ।[२]

*नोटः*

*१) प्रमाणित भन्नाले नोटरीद्वारा प्रमाणितलाई सम्झनु पर्छ ।*

*२) निवेदक अख्तियारप्राप्त अधिकारी हुनु पर्नेछ ।*

*३) धितोपत्र बजारमा सूचीकृत कम्पनी/उद्योगमा प्रचलित कानूनाबमोजिम धितोपत्र बजारमार्फत शेयर खरिदबाट भएको विदेशी लगानीको हकमा सो प्रमाणित हुने कागजात पेश भएमा त्यस्तो सूचीकृत उद्योग/कम्पनीको हकमा खण्ड क) को बुँदा नं. ३, ४, ५, ६, ७ र ८ मा उल्लिखित कागजात आवश्यक नपर्ने ।*

*४) यस अनुसूचीमा जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्र बैंकमा यस पूर्व नै पेश भइसकेको कागजात पुनः पेश गर्नु पर्ने छैन ।*[२]

*५) विदेशी लगानी बापतको रकम पठाउने व्यक्ति वा संस्था स्वीकृत लगानीकर्ता नभएमा अनुसूची-३ को खण्ड (आ) को बुँदा (ग) बमोजिमको कागजात समेत पेश गर्नु पर्नेछ ।* [३]

*६) विदेशी लगानीबाट आर्जित मुनाफालाई सोही उद्योगमा लगानी गर्दा वा विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसाय बाहेक अन्य उद्योगमा लगानी गर्दा सो प्रमाणित हुने कागजात पेश भएमा खण्ड (क) को बुँदा नं. (२), (१०) र (१२) मा उल्लिखित कागजातहरु आवश्यक पर्ने छैन । राष्ट्र बैंकले अनुसूची-८ बमोजिमको विदेशी लगानी लेखाङ्कनको प्रमाणपत्रमा सोही व्यहोरा समेत उल्लेख गर्नेछ । तर, विनियम ४(३) बमोजिम राष्ट्र बैंकको स्वीकृति लिनु पर्नेको हकमा सो व्यवस्था समेत पालना हुनु पर्नेछ ।* [३]

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

# अनुसूची-७
## विनियम ५ को उप-विनियम (१) सँग सम्बन्धित
<u>विदेशी लगानीको लेखाङ्कनका लागि एकाईमा पेश गरिने निवेदन</u>

Date:

Nepal Rastra Bank
Foreign Exchange Facilitation Unit
One Stop Services Center
Kathmandu, Nepal

**Subject: Application to Record Foreign Investment**

Dear Madam/Sir,
We hereby apply for recording the foreign invesment with following details:

| | | |
|---|---|---|
| 1 | Foreign Investor | |
| | a) Name | |
| | b) Address | |
| | c) Email ID | |
| | d) Website | |
| | e) Telephone/Cell No. | |
| 2 | Foreign Investment Approval | |
| | a) Approved amount in Rs. | |
| | b) Equivalent amount in FCY | |
| 3 | Foreign Investment Approving Entity | |
| 4 | Previously Recorded Foreign Investment (if any) | |
| | a) Number of Shares | |
| | b) Amount in Rs. | |
| 5 | Foreign Investment to be Recorded vide this Application | |
| | a) Number of Additional Shares | |
| | b) Amount in Rs. | |
| 6 | Inflow of Foreign Investment | |
| | a) Date | |
| | b) Name of Bank and Financial Institution | |
| | c) Amount in Foreign Currency | |
| | d) Amount in Rs. | |
| 7 | Details on Plough Back from Foreign Investment, if any | |
| | a) | |
| | b) | |
| **8** | **Inflow of funds from:.......................(Country(ies)).**[३] | |

Attached are the documents required for recording foreign investment as per the Bylaw 5.

<u>Seal/Stamp:</u>

| | |
|---|---|
| Signature: | |
| Name: | |
| Designation: | |
| Institution: | |
| Email: | |
| Website: | |
| Telephone/ Cell No.: | |

*<u>Note</u>: This information can be submittted electronically to the following email : fxmd_ossc@nrb.org.np*

---

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

## अनुसूची-७क[२]
## विनियम ५ को उप-विनियम (४) सँग सम्बन्धित

विदेशी लगानीको समर्थन-स्वीकृति एवम् लेखाङ्कनका लागि पेश गर्नुपर्ने कागजातहरू:

(क) विदेशी लगानी भित्र्याउने नेपाली कम्पनी/उद्योग सम्बन्धी कागजात:

१) विदेशी लगानीको समर्थन-स्वीकृति एवम् लेखाङ्कन गर्ने सम्बन्धी सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रतिलिपि अथवा सम्बन्धित विदेशी लगानीकर्ता वा निजले अख्तियारी प्रदान गरेको व्यक्ति वा संस्थाको निवेदन ।

२) विदेशी लगानीको स्वीकृति पत्रको प्रतिलिपि ।

३) स्वीकृत Project Proposal वा SPA/JVA/SSA आदिको प्रतिलिपि ।

४) कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित कम्पनीको सञ्चालकहरूको लगतको प्रतिलिपि ।

५) कम्पनी/उद्योग दर्ता र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

६) व्यवसाय सञ्चालनको इजाजतपत्रको प्रतिलिपि (आवश्यकतानुसार) ।

७) प्रबन्धपत्र तथा नियमावली एवम् सोमा संशोधन गरिएको भए सोको प्रतिलिपि ।

८) पछिल्लो लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता वा कर विवरण पेश गरेको प्रमाणको प्रतिलिपि ।

९) कम्पनी रजिष्ट्रारको कार्यालयबाट अद्यावधिक शेयरधनी दर्ता लगतको प्रतिलिपि (धितोपत्र बजारमा सूचीकृत कम्पनीको हकमा धितोपत्र बोर्डबाट इजाजतपत्रप्राप्त शेयर रजिष्ट्रारबाट प्रमाणित शेयर लगत) ।

१०) विदेशी लगानी बापतको विदेशी मुद्रा नेपाल भित्रिएको सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट जारी भएको प्रमाणपत्र वा पत्र, System Generated (SWIFT Messages etc.) प्रमाण तथा रकम जम्मा भएको बैंक स्टेटमेन्ट । तर, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ लागू हुनुपूर्व भित्रिएको विदेशी लगानीको हकमा System Generated (SWIFT Messages etc.) अनिवार्य हुने छैन ।[३]

(ख) विदेशी लगानीकर्ता संस्थाको हकमा:

१) संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२) पछिल्लो लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि (तर, अमेरिकी डलर १० लाख वा सो बराबरको विदेशी मुद्राभन्दा कम रकमको लगानीको हकमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन । त्यस्तै, विदेशी लगानीकर्ताले पेश गर्ने वित्तीय विवरण लेखापरीक्षण गर्न नपर्ने व्यहोराको प्रमाण सहित सञ्चालक समिति/उच्च व्यवस्थापनले तयार गरेको वित्तीय विवरण संलग्न भई आएमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन) ।

३) वास्तविक धनीको पहिचान खुल्ने कागजातको प्रमाणित प्रतिलिपि (धितोपत्र बजारमा सूचीकृत कम्पनीको हकमा आवश्यक नपर्ने) ।

४) नेपालमा विदेशी लगानी गर्ने सम्बन्धमा विदेशी लगानीकर्ता कम्पनीको सञ्चालक समिति वा अधिकारप्राप्त अधिकारीको निर्णयको प्रमाणित प्रतिलिपि ।

(ग) विदेशी लगानीकर्ता प्राकृतिक व्यक्तिको हकमा :

१) राहदानीको प्रमाणित प्रतिलिपि ।

नोट:

१) प्रमाणित भन्नाले नोटरीद्वारा प्रमाणितलाई सम्झनु पर्छ ।

२) निवेदक कम्पनी सचिव/कार्यकारी प्रमुख वा अख्तियारप्राप्त अधिकारी वा विदेशी लगानीकर्ता व्यक्ति हुनु पर्नेछ ।

३) धितोपत्र बजारमा सूचीकृत कम्पनी/उद्योगमा प्रचलित कानूनबमोजिम धितोपत्र बजारमार्फत शेयर खरिदबाट भएको विदेशी लगानीको हकमा सो प्रमाणित हुने कागजात पेश भएमा त्यस्तो सूचीकृत उद्योग/कम्पनीको हकमा खण्ड (क) को बुँदा नं. ३, ४, ५, ६, ७ र ८ मा उल्लिखित कागजात आवश्यक पर्ने छैन ।

४) अख्तियारप्राप्त व्यक्तिको हकमा सम्बन्धित कार्य गर्नका लागि प्रदान गरिएको अख्तियारी पत्र पेश गर्नुपर्नेछ ।

५) विदेशी लगानी बापतको रकम पठाउने व्यक्ति वा संस्था स्वीकृत लगानीकर्ता नभएमा अनुसूची-३ को खण्ड (आ) को बुँदा (ग) बमोमिजको कागजात समेत पेश गर्नु पर्नेछ ।

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

## अनुसूची-७ख[२]

### विनियम ५ को उप-विनियम (४) सँग सम्बन्धित

### विदेशी लगानीको समर्थन-स्वीकृति एवम् लेखाङ्कन गर्नका लागि एकाईमा पेश गरिने निवेदन

Date:...............

Nepal Rastra Bank
Foreign Exchange Facilitation Unit
One Stop Services Center
Kathmandu, Nepal

**Subject: Application to Ratification-Cum-Record of Foreign Investment**

Dear Madam/Sir,

We hereby apply for ratification-cum-recording of the foreign investment with following details:

| | | | | |
|---|---|---|---|---|
| 1 | Foreign Investor | | | |
| | Name | Address | Email ID | Telephone/Cell No. |
| | i. | | | |
| 2 | Foreign Investment Approval | | | |
| | Approved Amount in Rs. | Approving Entity | Approved Date | - |
| | | | | - |
| 3 | Previously Recorded Foreign Investment (if any) | | | |
| | Name of Foreign Investor | Number of Shares | Amount in Rs. | - |
| | i. | | | - |
| | ii. | | | - |
| 4 | Foreign Investment to be Recorded vide this Application | | | |
| | Name of Foreign Investor | Number of Shares | Amount in Rs. | - |
| | i. | | | - |
| | ii. | | | - |
| 5 | Foreign Investment to be Ratified vide this Application | | | |
| | Name of Foreign Investor | Number of Shares | Amount in Rs. | - |
| | i. | | | - |
| | ii. | | | - |
| 6 | Inflow of Foreign Investment | | | |
| | i. Date | | | |
| | ii. Name of Bank and Financial Institution | | | |
| | iii. Amount in Foreign Currency | | | |
| | iv. Amount in Rs. | | | |
| 7 | Details on Plough Back from Foreign Investment (if any) | | | |
| | | | | |
| 8 | Inflow of funds from:................(Country(ies)).[३] | | | |

Sector/purpose of foreign investment:........................................................................................

Attached are the documents required for recording foreign investment as per the Bylaw 5.

Seal/Stamp of the Company

Signature:
Name:
Designation:
Institution:
Telephone/Cell No:

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

## अनुसूची-८
**विनियम ५ को उप-विनियम (३) सँग सम्बन्धित**

<u>विदेशी लगानी लेखाङ्कनको प्रमाणपत्र</u>

पत्र संख्याः………… च.नं.……..                                                    मिति :

श्री ……………………………………

……………………………………..

**विषयः विदेशी लगानी लेखाङ्कन गरिएको सम्बन्धमा ।**

महाशय,

त्यस कम्पनी/उद्योगमा लगानी गर्ने प्रयोजनको लागि देहायबमोजिमको विदेशी लगानी भित्र्याई शेयर लगत समेत कायम भइसकेको देखिएकोले तदनुरूप विदेशी लगानी लेखाङ्कन गरिएको व्यहोरा जानकारी गराइन्छ ।

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">विदेशी लगानकर्ताको नाम र ठेगाना (देश सहित)</th><th colspan="2">यस अघि लेखाङ्कन भएको विदेशी लगानी</th><th colspan="2">हाल लेखाङ्कन गरिएको विदेशी लगानी</th><th colspan="2">हालसम्म लेखाङ्कन भएको कुल लगानी</th><th colspan="4">विदेशी लगानी भित्रिएको विवरण</th><th rowspan="2">रकम पठाउने देश वा देशहरू[2]</th></tr>
<tr><th>चुक्ता भएको शेयर संख्या[2]</th><th>चुक्ता भई लेखाङ्कन भएको रकम रु.[2]</th><th>चुक्ता भएको शेयर संख्या[2]</th><th>चुक्ता भई लेखाङ्कन भएको रकम रु.[2]</th><th>चुक्ता भएको शेयर संख्या[2]</th><th>चुक्ता भई लेखाङ्कन भएको रकम रु.[2]</th><th>मिति</th><th>बैंक तथा वित्तीय संस्था</th><th>वि.मु. रकम</th><th>रकम रु.</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

भवदीय,

( ………………… )

अधिकृतस्तर[2]

*नोटः विदेशी लगानीबाट आर्जित मुनाफालाई सोही उद्योगमा लगानी गरिएको वा विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसाय बाहेक अन्य उद्योगमा लगानी गरिएको हकमा सोही व्यहोरा समेत उल्लेख गरी विदेशी लगानी लेखाङ्कनको प्रमाणपत्र उपलब्ध गराइनेछ ।* [३]

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

## अनुसूची-९
### विनियम ६ को उप-विनियम (२) सँग सम्बन्धित

<u>लगानी तथा आर्जित रकम फिर्ता लैजान विदेशी मुद्राको सटही स्वीकृतिका लागि पेश गर्नुपर्ने कागजात</u>

१) विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजाने सम्बन्धमा विदेशी लगानी स्वीकृति गर्ने निकायबाट प्राप्त स्वीकृति वा प्रचलित कानून बमोजिम सिफारिस मात्र उपलब्ध गराउन सकिने भएमा सिफारिस,[२]

२) लगानी तथा आर्जित रकम फिर्ता लैजान सटही स्वीकृति लिनेसम्बन्धी विदेशी लगानी भएको कम्पनी/उद्योगको साधारण सभा वा सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रतिलिपि,

३) राष्ट्र बैंकमा विदेशी लगानी लेखाङ्कन भएको प्रमाणको प्रतिलिपि,

४) पछिल्लो लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

५) पछिल्लो कर चुक्ता वा कर विवरण पेश गरेको प्रमाणको प्रतिलिपि,

६) कम्पनी/उद्योग कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाण (सम्पूर्ण कागजात सहित निवेदन पेश गर्दा छ महिना व्यतीत नभएको),[२]

७) नेपाली बैंक तथा वित्तीय संस्थाबाट भाखा नाघेको कर्जा नभएको, विदेशी मुद्राको अपचलन नगरेको/नगर्ने, तिर्न बाँकी कुनै पनि कर दायित्व नरहेको, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधिमा वित्तीय लगानी निवारणसम्बन्धी प्रचलित राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको पालना हुने र प्रचलित कानूनी व्यवस्थाको पालना भएको/हुने व्यहोरा सहितको निवेदकबाट स्वघोषणा,

८) प्रविधि हस्तान्तरण बापतको लाभको हकमा मान्यताप्राप्त लेखापरीक्षकबाट प्रविधि हस्तान्तरण सम्झौता बापतको रकम प्रमाणित भएको विवरणको प्रतिलिपि तथा सम्बन्धित लगानीकर्ताबाट जारी भएको बिल बीजक,

९) धितोपत्र बजारमा सूचीकृत नभएका संस्थाको शेयर बिक्रीको हकमा प्रति शेयर मूल्य (Fair Market Value) Specific value अथवा Range (not more than 10% of the lower end price) खुल्ने नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट सदस्यताप्राप्त[३] लेखापरीक्षक वा नेपाल धितोपत्र बोर्डबाट इजाजतप्राप्त Investment Banking सम्बन्धी संस्थाले जारी गरेको Share Valuation Report को प्रमाणित प्रतिलिपि,[२]

१०) फिर्ता लैजाने रकममा नियमानुसार लाग्ने अग्रिम आयकर, मूल्य अभिवृद्धि कर, पुँजीगत लाभकर लगायत प्रचलित कानूनबमोजिम कर[३] दाखिला गरेको प्रमाण ।

११) प्रविधि हस्तान्तरण बापतको लाभको हकमा प्रविधि हस्तान्तरण सम्झौता स्वीकृति पत्र तथा स्वीकृत सम्झौताको प्रतिलिपि ।[२]

*<u>नोट:</u>*

*(१) निवेदक अख्तियारप्राप्त अधिकारी हुनु पर्नेछ ।*

*(२) धितोपत्र बजारमा सूचीकृत कम्पनी/उद्योगमा प्रचलित कानूनबमोजिम धितोपत्र बजारमार्फत शेयर बिक्रीबाट भएको विदेशी लगानी फिर्ताको हकमा सो प्रमाणित हुने कागजात पेश भएमा त्यस्तो सूचीकृत कम्पनी/उद्योगको लागि बुँदा नं. २, ४, ५ र ६ मा उल्लिखित कागजात आवश्यक नपर्ने ।*

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

## अनुसूची-९क[२]

### विनियम ६ को उप-विनियम (३) सँग सम्बन्धित

### शाखा कार्यालयको लगानी तथा आर्जित रकम फिर्ता लैजाने विदेशी मुद्राको सटही स्वीकृतिका लागि पेश गर्नु पर्ने कागजातः

१) विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजाने सम्बन्धमा विदेशी लगानी स्वीकृति गर्ने निकायबाट प्राप्त स्वीकृति वा प्रचलित कानून बमोजिम सिफारिस मात्र उपलब्ध गराउन सकिने भएमा सिफारिस,

२) लगानी तथा आर्जित रकम फिर्ता लैजान सटही स्वीकृति लिनेसम्बन्धी विदेशी लगानी भएको कम्पनी/उद्योगको साधारण सभा वा सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रतिलिपि,

३) राष्ट्र बैंकमा विदेशी लगानी लेखाङ्कन भएको प्रमाणको प्रतिलिपि,

४) पछिल्लो लेखापरीक्षण प्रतिवेदन । साथै, फिर्ता भुक्तानी माग गरिएको लाभ वा लाभांश वा शेयर बिक्रीको आर्थिक वर्ष फरक भएमा सो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन समेत,

५) पछिल्लो कर चुक्ता वा कर विवरण पेश गरेको प्रमाणको प्रतिलिपि । साथै, फिर्ता भुक्तानी माग गरिएको लाभ वा लाभांश वा शेयर बिक्रीको आर्थिक वर्ष फरक भएमा सो वर्षको कर चुक्ता प्रमाणपत्र समेत,

६) शाखा कार्यालय कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाण, कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाण (सम्पूर्ण कागजात सहित निवेदन पेश गर्दा छ महिना व्यतीत नभएको) ।

७) नेपाली बैंक तथा वित्तीय संस्थाबाट भाखा नाघेको कर्जा नभएको, विदेशी मुद्राको अपचलन नगरेको/नगर्ने, तिर्न बाँकी कुनै पनि कर दायित्व नरहेको, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी गतिविधिमा वित्तीय लगानी निवारणसम्बन्धी प्रचलित राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको पालना हुने र प्रचलित कानूनी व्यवस्थाको पालना भएको/हुने व्यहोरा सहितको निवेदकबाट स्वघोषणा,

८) प्रविधि हस्तान्तरण बापतको लाभको हकमा मान्यताप्राप्त लेखापरीक्षकबाट प्रविधि हस्तान्तरण सम्झौता बापतको रकम प्रमाणित भएको विवरणको प्रतिलिपि तथा सम्बन्धित लगानीकर्ताबाट जारी भएको बिल बीजक,

९) धितोपत्र बजारमा सूचीकृत नभएका संस्थाको शेयर बिक्रीको हकमा प्रति शेयर मूल्य (Fair Market Value) Specific value अथवा Range (not more than 10% of the lower end price) खुल्ने नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट सदस्यताप्राप्त[३] लेखापरीक्षक वा नेपाल धितोपत्र बोर्डबाट इजाजतप्राप्त Investment Banking सम्बन्धी संस्थाले जारी गरेको Share Valuation Report को प्रमाणित प्रतिलिपि,

१०) फिर्ता लैजाने रकममा नियमानुसार लाग्ने अग्रिम आयकर, मूल्य अभिवृद्धि कर, पुँजीगत लाभकर लगायत प्रचलित कानूनबमोजिम कर[३] दाखिला गरेको प्रमाण ।

*नोटः*

*(१) निवेदक अख्तियारप्राप्त अधिकारी हुनु पर्नेछ ।*

*(२) धितोपत्र बजारमा सूचीकृत शाखा कार्यालय/कम्पनी/उद्योगमा प्रचलित कानूनबमोजिम धितोपत्र बजारमार्फत् शेयर बिक्रीबाट भएको विदेशी लगानी फिर्ताको हकमा सो प्रमाणित हुने कागजात पेश भएमा त्यस्तो सूचीकृत शाखा कार्यालय/कम्पनी/उद्योगको लागि बुँदा नं. २, ४, ५ र ६ मा उल्लिखित कागजात आवश्यक नपर्ने ।*

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

## अनुसूची-९ख[२]
## विनियम ६ को उप-विनियम (५) सँग सम्बन्धित

विदेशी लगानी भित्रिएको देश (प्रविधि हस्तान्तरण सम्झौताको हकमा उक्त सम्झौतामा उल्लेख गरिएको रकम फिर्ता पठाउनुपर्ने देश वा विदेशी लगानीकर्ता दर्ता भएको देश) भन्दा फरक देशमा विदेशी लगानी तथा आर्जित रकम फिर्ता माग गर्दा पेश गर्नु पर्ने कागजातहरू

१. विदेशी लगानी, लाभांश वा अन्य प्रकारको आर्जित रकम फरक देशमा फिर्ता लैजानको लागि कारण र औचित्य सहित आवश्यक विवरण/प्रमाण (सक्कल वा प्रमाणित प्रतिलिपि) संलग्न गरिएको निवेदन (विदेशी लगानी भएको कम्पनी/उद्योग र लगानीकर्ता दुवैको तर्फबाट)।

२. विदेशी लगानी, लाभांश वा अन्य प्रकारको आर्जित रकम बापतको रकम फरक देशमा पठाउनका लागि सञ्चालक समिति वा सञ्चालक समिति नहुने प्रकृतिको व्यक्तिको हकमा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रमाणित प्रतिलिपि (विदेशी लगानी भएको कम्पनी/उद्योग र विदेशी लगानीकर्ता दुवैको तर्फबाट)।

३. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी गतिविधिमा वित्तीय लगानी निवारणसम्बन्धी प्रचलित राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको पालना भएको/हुने र प्रचलित कानूनी व्यवस्थाको पालना भएको/हुने व्यहोरा खुल्ने सम्बन्धी सञ्चालक समिति वा सञ्चालक समिति नहुने प्रकृतिको व्यक्तिको हकमा अख्तियारप्राप्त अधिकारीको स्वःघोषणाको प्रमाणित प्रतिलिपि। (विदेशी लगानी भएको कम्पनी/उद्योग र लगानीकर्ता दुवैको तर्फबाट)।

४. विदेशी लगानी, लाभांश वा अन्य प्रकारको आर्जित रकम बापतको रकम फरक देशमा पठाउँदा नेपाल वा अन्य कुनै देशमा कुनै प्रकारको थप कर, राजस्व वा ऋणको दायित्व सिर्जना भएमा सो सम्बन्धी जिम्मेवारी लिने /दायित्व वहन गर्ने सम्बन्धी सञ्चालक समिति वा सञ्चालक समिति नहुने प्रकृतिको व्यक्तिको हकमा अख्तियारप्राप्त अधिकारीको स्वःघोषणाको प्रमाणित प्रतिलिपि। (विदेशी लगानी भएको कम्पनी/उद्योग र लगानीकर्ता दुवैको तर्फबाट)।

५. विदेशी लगानी, लाभांश वा अन्य प्रकारको आर्जित रकम बापतको रकम पठाउन माग गरिएको देशमा पहिले पनि लाभांश बापतको रकम पठाइएको भए सोको प्रमाण।

६. रकम पठाउन माग गरिएको देश FATF को पछिल्लो विवरण अनुसार High Risk Jurisdiction अथवा Blacklist को सूचीमा नरहेको प्रमाण।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको।

# अनुसूची-१०

## विनियम ७ को उप-विनियम (१) सँग सम्बन्धित

विदेशी ऋणसम्बन्धी व्यवस्था

| सि.नं. | ग्राह्य ऋणी | ग्राह्य विदेशी ऋणदाता | विदेशी ऋणसम्बन्धी शर्त | ऋणको लागि निवेदन पेश गर्नुपर्ने निकाय |
|---|---|---|---|---|
| १ | फर्म, कम्पनी, उद्योग वा संस्था (इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था बाहेक) | (क) विदेशस्थित बैंक तथा वित्तीय संस्था, सरकारी/अन्तर-सरकारी स्वामित्वको Development Finance Institutions (DFIs)[३] ।<br>(ख) विदेशस्थित सम्बन्धित देशको सरकार वा केन्द्रीय बैंक वा अन्य नियामक निकायबाट कर्जा प्रवाह गर्न स्वीकृति प्राप्त वित्तीय संस्था /कम्पनी ।<br>(ग) *(हटाइएको: विनियमावलीको दोस्रो संशोधन पूर्व विभागमा निवेदन पेश गरिसकेको हकमा साबिकको व्यवस्था बमोजिम नै हुनेछ)* [२] | ब्याजदरः[३]<br>(क) बढीमा One Year Benchmark Interest Rate*+ 6.0% p.a. ।[१]<br>(ख) भारतबाट भारतीय रुपैयाँमा लिने ऋणको हकमा :<br>• ग्राह्य ऋणदाता (क) बमोजिमको भएमा : One Year Marginal Cost of funds based Lending Rate (MCLR) + 2% p.a. सम्म ।<br>• ग्राह्य ऋणदाता (ख) बमोजिमको भएमा : One Year Marginal Cost of funds based Lending Rate (MCLR) + 2% p.a. सम्म वा भारतीय रिजर्व बैंकबाट प्रकाशित पछिल्लो विवरण अनुसारको औसत One Year Marginal Cost of funds based Lending Rate (MCLR) + 2% p.a. सम्म ।<br>(ग) चीनबाट चीनियाँ युआनमा लिने ऋणको हकमा : बढीमा One Year Loan Prime Rate (LPR) + 2% p.a. । | विभाग |
| २ | फर्म, कम्पनी, संस्था, तथा नेपाली नागरिक | विदेशमा रहेका आफ्ना नातेदार, अन्य व्यक्ति, गैर आवासीय नेपाली वा संघ/संस्था | १. सीमा : अमेरिकी डलर १० लाखसम्म र भारतको हकमा १० करोड भारतीय रुपैयाँसम्म ।<br>२. ब्याजदरः[३]<br>(क) निर्ब्याजी वा बढीमा One Year Benchmark Interest Rate*+2.0% p.a.[१]<br>(ख) भारतबाट भारतीय रुपैयाँमा लिने ऋणको हकमा: भारतीय रिजर्व बैंकबाट प्रकाशित पछिल्लो विवरण अनुसारको औसत One Year MCLR सम्म ।<br>(ग) चीनबाट चीनियाँ युआनमा लिने ऋणको हकमा : बढीमा One Year LPR सम्म ।<br>३. भुक्तानी अवधि : न्यूनतम १ वर्ष ।<br>४. प्रयोजन : प्रचलित कानूनले निषेध नगरेका क्षेत्र | विभाग |

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[१] नेपाल राष्ट्र बैंक व्यवस्थापन समितिको मिति २०७८/०९/२७ मा बसेको ४६०औं बैठकको निर्णयबमोजिम संशोधन भएको ।

| सि.नं. | ग्राह्य ऋणी | ग्राह्य विदेशी ऋणदाता | विदेशी ऋणसम्बन्धी शर्त | ऋणको लागि निवेदन पेश गर्नुपर्ने निकाय |
|---|---|---|---|---|
| | | | वा व्यवसाय । तर, घरजग्गा व्यवसाय (Real Estate) र धितोपत्र कारोबारमा प्रयोग गर्न पाइने छैन । | |
| ३ | विदेशी लगानी भएका उद्योग/कम्पनी (इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था बाहेक)[३] | कम्पनी/उद्योगका विदेशी लगानीकर्ता (Parent Company/ Group of Companies समेत)। | १. सीमा[३] : सम्बन्धित विदेशी लगानीकर्ताको चुक्ता पुँजीको दुई गुणासम्म । तर, देहायको अवस्थामा त्यस्तो सीमा पाँच गुणासम्म रहन बाधा पुऱ्याएको मानिने छैनः<br>(क) सम्बन्धित Parent Company/Group of Company बाट लिएको विदेशी ऋण बक्यौता रहेको भए त्यस्तो ऋण(हरु) को विद्यमान ब्याजदरको औसतसम्म ब्याजदर कायम हुने गरी थप/नयाँ विदेशी ऋण प्रवाह भएमा ।<br>(ख) माथि (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि ब्याजदर खण्डको (क) मा उल्लिखित बेन्चमार्क ब्याजदर बाहेकको प्रिमियम दरको ५०% मा नबढ्ने गरी वार्षिक ब्याजदर कायम हुनु पर्नेछ ।<br>२. ब्याजदर[३] :<br>(क) निर्ब्याजी वा बढीमा One Year Benchmark Interest Rate* + 3.5% p.a.[१]<br>(ख) भारतबाट भारतीय रुपैयाँमा लिने ऋणको हकमाः भारतीय रिजर्व बैंकबाट प्रकाशित पछिल्लो विवरण अनुसारको औसत One Year MCLR सम्म ।<br>(ग) चीनबाट चीनियाँ युआनमा लिने ऋणको हकमा : बढीमा One Year LPR सम्म ।<br>३. प्रयोजनः उद्योग/कम्पनीको तोकिएको क्षेत्रमा नै उपयोग गर्नुपर्ने ।<br>४. विदेशी लगानी स्वीकृत गर्ने निकाय/सम्बन्धित निकायको सिफारिस/स्वीकृति (उपलब्ध भएमा) । | एकाई |
| ४ | विदेशी लगानी भएका उद्योग/कम्पनी (इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था बाहेक)[३] | विदेशी वित्तीय संस्था, सरकारी/अन्तर-सरकारी स्वामित्वको Development Finance Institutions (DFIs)[३] | १. प्रयोजनः परियोजना ऋण वा प्रोजेक्ट फाइनान्सिङ्ग ।<br>२. ब्याजदरः[३] सि.नं. १ मा उल्लेख भएबमोजिम । | एकाई |

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

[१] नेपाल राष्ट्र बैंक व्यवस्थापन समितिको मिति २०७८/०९/२७ मा बसेको ४६०औं बैठकको निर्णयबमोजिम संशोधन भएको ।

| सि.नं. | ग्राह्य ऋणी | ग्राह्य विदेशी ऋणदाता | विदेशी ऋणसम्बन्धी शर्त | ऋणको लागि निवेदन पेश गर्नुपर्ने निकाय |
|---|---|---|---|---|
| ५ | पूर्वाधार विकास निर्माणका आयोजना | परियोजनाको मुख्य कम्पनी (Parent Company/group of companies) | १. ब्याजदर : निर्व्याजी ।<br>२. भुक्तानी अवधिःपरियोजनाको आवश्यकतानुसार ।[२]<br>३. प्रयोजन : परियोजना निर्माणसम्बन्धी चालू खर्च लगायतका लागि । [२]<br>४. रकम भित्र्याउँदा र भुक्तानी गर्दा परियोजनाको सिफारिस (उपलब्ध भएमा) । | विभाग |
| ६ | "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्था र पूर्वाधार विकास बैंक | भारतीय बैंक तथा वित्तीय संस्था, सरकारी/अन्तर-सरकारी स्वामित्वको Development Finance Institutions (DFIs)[३] | १. सीमाः परिवर्त्य विदेशी मुद्रामा ऋण लिएको भए सो समेत गरी आफ्नो प्राथमिक पूँजीको शतप्रतिशतसम्म ।<br>२. ब्याजदरः अधिकतम One Year MCLR +0.5% p.a.।<br>३. भुक्तानी अवधिः न्यूनतम ६ महिनादेखि अधिकतम १५ वर्षसम्म<br>४. प्रयोजन : हाउजिङ्ग, जग्गा विकास जस्ता रियलस्टेट क्षेत्र र शेयर धितो कर्जा बाहेकका उर्जा, पूर्वाधार, पर्यटन, कृषि, लघु उद्यम जस्ता क्षेत्रमा कर्जा प्रवाह गर्न । | विभाग |
| ७ | "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्था र पूर्वाधार विकास बैंक | विदेशी बैंक तथा वित्तीय संस्थाका साथै नियामक निकायबाट स्वीकृतप्राप्त विदेशी पेन्सन फण्ड, हेज फण्डलगायतका संस्था, सरकारी/अन्तर-सरकारी स्वामित्वको Development Finance Institutions (DFIs)[३] | १. सीमा : भारतीय मुद्रामा ऋण लिएको भए सो समेत गरी आफ्नो कुल प्राथमिक पूँजीको शतप्रतिशतसम्म ।<br>२. ब्याजदर :<br>(क) अधिकतम One Year Benchmark Interest Rate* + 4.5% p.a.[१]<br>(ख) चीनबाट चिनियाँ युआनमा लिने ऋणको हकमा बढीमा One Year LPR+1% p.a. सम्म ।[३]<br>३. भुक्तानी अवधि : न्यूनतम ६ महिनादेखि अधिकतम १५ वर्षसम्म<br>४. प्रयोजन : हाउजिङ्ग, जग्गा विकास जस्ता रियलस्टेट क्षेत्र र शेयर धितो कर्जा बाहेकका उर्जा, पूर्वाधार, पर्यटन, कृषि, लघु उद्यम जस्ता क्षेत्रमा कर्जा प्रवाह गर्न ।<br>५. ऋण रकमबाट परिवर्त्य विदेशी मुद्राको अन्तर बैंक कारोबार तथा लगानीका उपकरणमा लगानी गर्न पाइने छैन । | विभाग |

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[१] नेपाल राष्ट्र बैंक व्यवस्थापन समितिको मिति २०७८/०९/२७ मा बसेको ४६०औं बैठकको निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

| सि.नं. | ग्राह्य ऋणी | ग्राह्य विदेशी ऋणदाता | विदेशी ऋणसम्बन्धी शर्त | ऋणको लागि निवेदन पेश गर्नुपर्ने निकाय |
|---|---|---|---|---|
| ८ | नेपालमा संस्थापना भएको पब्लिक लिमिटेड कम्पनी वा धितोपत्र जारी गर्न अख्तियारी पाएको संगठित संस्था | विदेशी मुलुकको पुँजी बजारका विदेशी खरिदकर्ता | १. ऋणपत्र, डिवेञ्चर वा अन्य धितोपत्र जारी गरी लिनु पर्ने ।<br>२. **धितोपत्र बोर्डबाट समेत स्वीकृति हुने शर्तमा ।**[४]<br>३. **<u>ब्याजदर</u>: तालिकाको सि.नं. १ मा उल्लेख भएबमोजिम ।**[४] | एकाई |

<u>अन्य शर्तहरू:</u>

१. ऋण लिनका लागि राष्ट्र बैंकको पूर्व स्वीकृति अनिवार्य हुने ।

२. ऋण बैंकिङ्ग माध्यमबाट भित्र्याउनु पर्ने ।

३. ऋण बापतको रकम भित्रिए पश्चात राष्ट्र बैंकमा लेखाङ्कन गराउनु पर्ने ।

४. ऋणदातालाई अन्तर्राष्ट्रिय रूपमा वित्तीय कारोबार गर्ने वा नेपालमा विदेशी ऋण प्रदान गर्न कुनै किसिमको प्रतिबन्ध नलागेको हुनु पर्ने ।

५. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने ।

६. ऋण बापतको रकम सम्बन्धित ऋणीले तोकिएको क्षेत्रमा नै उपयोग गर्नुपर्ने ।

७. #नियमानुसारको कर कट्टी गरे पश्चात मात्र ब्याज तथा शुल्क भुक्तानी हुने र यस्तो कर उल्लिखित ब्याजदर र शर्त ८ अन्तर्गतको शुल्कको सीमाभित्रै रहन अनिवार्य हुने छैन ।[१]

८. # ऋणसम्बन्धी कुनै खर्च/ शुल्क/कमिशन/ फि आदि लाग्ने भए सो समेत उल्लिखित ब्याजदरको सीमाभित्र रहनुपर्ने । साथै, कर्जा स्वीकृत गर्ने प्रयोजनको लागि कुनै खर्च, शुल्क, कमिशन, फि आदि तिर्नु पर्ने भए उल्लिखित ब्याजदरको सीमाभित्र रहेर ऋण प्राप्त भएपछि भुक्तानी दिने गरी व्यवस्था मिलाउनु पर्ने ।

तर, सि.नं. १, सि. नं. ६ र सि.नं. ७ अन्तर्गतका ऋणको हकमा देहायबमोजिमका Contingent प्रकृतिका खर्च, शुल्क ऋण सम्झौतामा व्यवस्था भई सम्बन्धित ऋणदातालाई भुक्तानी गर्नु पर्दा उल्लिखित ब्याजदरको सीमाभित्र रहन र राष्ट्र बैंकको स्वीकृति अनिवार्य हुने छैन[३] :

अ) हर्जाना ब्याज शुल्क : ऋणीले तोकिएको समयमा साँवा र/वा ब्याज भुक्तानी नगरेबापत भाखा नाघेको सावाँ र/वा ब्याज रकममा तोकिएको ब्याजदरमा वार्षिक २% मा नबढ्ने गरी हर्जाना ब्याज ।[२]

---

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

[१] नेपाल राष्ट्र बैंक व्यवस्थापन समितिको मिति २०७८/०९/२७ मा बसेको ४६०औं बैठकको निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

आ) अग्रिम भुक्तानी शुल्क : ऋणीले तोकिएको समय अगावै भुक्तानी गरेको साँवा रकममा एकमुष्ट अधिकतम ०.२५% सम्म । **तर, तोकिएको अवधि अगावै विदेशी ऋणको भुक्तानी गर्नु पर्दा राष्ट्र बैंकको स्वीकृति लिनु पर्नेछ ।**[४]

इ) प्रतिवद्धता शुल्क : एकमुष्ट अधिकतम ०.२५% सम्म ।[१]

प्रष्टीकरण: माथि उल्लिखित Contingent प्रकृतिका शुल्क/खर्च वा अन्य Contingent/Non-Contingent प्रकृतिका शुल्क/खर्च समेत ऋण सम्झौतामा व्यवस्था भई सो शुल्क/खर्च र सोमा लाग्ने प्रचलित कानूनबमोजिमको कर समेत जोड्दा तोकिएको ब्याजदरको सीमाभित्र रहने गरी सोको स्वीकृति राष्ट्र बैंकबाट लिनु पर्नेछ ।[३]

९. विदेशी मुद्रामा ऋण भित्र्याई विनिमय दरको जोखिम सम्बन्धित ऋणदातामा रहने गरी त्यस्तो ऋण रकम ने.रु.मा समेत अंकित हुन सक्नेछ र सोको अधिकतम ब्याजदर राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त वाणिज्य बैंकहरूको औसत आधार दर (राष्ट्र बैंकबाट प्रकाशन हुने पछिल्लो "देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति" मा उल्लेख भएबमोजिम) सम्म हुन सक्नेछ ।[२]

तर, व्यावसायिक कृषि, उत्पादनमूलक उद्योग, पूर्वाधार उद्योग, पर्यटन उद्योग र उर्जामूलक उद्योगमा **वा हरित ऋण/ऋणपत्र जारी गरी**[४] भित्रिने विदेशी ऋणको हकमा उल्लिखित ब्याजदरमा दुई प्रतिशत विन्दुसम्म थप गर्न बाधा पर्ने छैन । ने.रु. मा अंकित हुने विदेशी ऋणलाई ने.रु. मा लेखाङ्कन गरिनेछ ।

१०. स्थिर ब्याजदरमा विदेशबाट ऋण लिनेको हकमा विदेशी ऋणको निवेदन राष्ट्र बैंकबाट स्वीकृति हुँदा कायम रहेको उपर्युक्त तालिकामा उल्लिखित अधिकतम ब्याजदरसम्म हुन सक्नेछ । स्थिर ब्याजदर लागू हुने अवधि एक पटकमा अधिकतम दुई वर्षसम्म हुन सक्नेछ ।[३] कर्जाको भाखाभित्र त्यस्तो स्थिर ब्याजदर लागू हुने अवधि एक पटकमा दुई वर्षमा नबढाई राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गर्न सकिनेछ । तर, विनियमावलीमा उल्लिखित विभिन्न किसिमका ऋणको लागि तोकिएको बेञ्चमार्क ब्याजदर बाहेकको प्रिमियम दरमा २५ बेसिस प्वाइन्टस् थप गरी हुने ब्याजदर भन्दा बढी नहुने गरी स्थिर ब्याजदर हुने ऋणको हकमा दुई वर्षको सीमा लागू हुने छैन । ने.रु.मा अंकित हुने ऋणको हकमा भने स्थिर ब्याजदर लागू हुने अवधि एक पटकमा अधिकतम दश वर्षसम्म हुनेछ ।[३] राष्ट्र बैंकबाट स्थिर ब्याजदर सम्बन्धी स्वीकृति प्राप्त नभएमा उपर्युक्त तालिकाबमोजिमको ब्याजदर लागू हुनेछ । यो व्यवस्था संशोधित विनियमावली लागू भएपश्चात् विदेशी ऋणको स्वीकृति लिनेको हकमा मात्र लागू हुने ।[१]

११. विदेशी लगानी भएका उद्योग/कम्पनीले लिने सि.नं. १, २, ३, ४, ५ र ८ बमोजिमको विदेशी ऋणको हकमा विदेशी लगानी लेखाङ्कन भएको प्रमाण समेत पेश गर्नु पर्नेछ र विदेशी ऋण सम्बन्धी निवेदन एकाईमा पेश गर्नु पर्नेछ ।[२]

१२. विदेशी ऋणसम्बन्धी कारोबारमा ऋणदाता र ऋणी बाहेक अन्य कुनै पनि तेस्रो पक्ष (स्वदेशी समेत) समावेश गर्न तथा त्यस्तो पक्षलाई रकम भुक्तानी गर्न पाइने छैन । ऋणदाताको तर्फबाट परामर्श लगायतका अन्य कार्य गर्न आवश्यक परेमा ऋणदाता स्वयम्ले सोको भुक्तानी गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।[२]

तर, देहायको अवस्थामा यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन:[३]

(१) सि.नं. ६ र ७ अन्तर्गतको ऋणको हकमा ऋण सम्झौतामा नै व्यवस्था हुने गरी विदेशी तेस्रो पक्षलाई कुनै

---

[१] नेपाल राष्ट्र बैंक व्यवस्थापन समितिको मिति २०७८/०९/२७ मा बसेको ४६०औं बैठकको निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

रकम भुक्तानी नहुने गरी समावेश गर्न ।

(२) सि.नं. ६ र ७ अन्तर्गतको ऋणको हकमा ऋण सम्झौतामा नै व्यवस्था हुने गरी विदेशी ऋणको कानूनी परामर्श सम्बन्धी कार्यको लागि स्वदेशी कानून व्यवसायीलाई ऋणदाताको समेत सहमतिमा उल्लिखित ब्याजदरको सीमाभित्र रहने गरी तोकिएको रकम ऋणीले भुक्तानी गर्न ।

**१३. विदेशी ऋणको सुरक्षण सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः**[४]

**१) विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ्ग) सम्झौता गरी ऋण लिएको हकमा ऋण लिने उद्योगले विदेशी वित्तीय संस्थाको नाममा अचल वा चल सम्पत्ति बन्धकी दिन सक्नेछ ।**

**२) अन्य विदेशी ऋणको हकमा राष्ट्र बैंकले तोकिदिए बमोजिम चल-अचल लगायतका सम्पत्ति धितो, बन्धकी, सुरक्षण, जमानत, बैंक ग्यारेण्टी प्रदान गर्न पाइने छ ।**

१४. हाउजिङ्ग, जग्गा विकास जस्ता रियलस्टेट क्षेत्र र धितोपत्र बजारमा विदेशी ऋण प्रयोग गर्न पाइने छैन ।[२]

१५. शुरुमा विदेशी ऋणको रुपमा रकम भित्र्याई ऋण अवधिभित्र वा ऋण अवधि समाप्त भएपश्चात् ऋणीलाई छनौट गर्न सक्ने अधिकार हुने गरी त्यस्तो ऋणको बाँकी साँवाको आंशिक वा पूर्ण रकमलाई विदेशी लगानीको रुपमा परिवर्तन गर्न सकिने प्रकृतिको विदेशी ऋण देहायबमोजिमका व्यवस्थाहरु पालना हुने गरी भित्र्याउन सकिनेछ ।[३]

(१) यस्तो ऋण सम्बन्धी व्यहोरा शुरुको ऋण सम्झौतामा नै व्यवस्था भई राष्ट्र बैंकबाट ऋण स्वीकृतिको समयमा नै स्वीकृतिप्राप्त गर्नु पर्नेछ ।

(२) यस्तो ऋणको लागि विदेशी लगानी स्वीकृत गर्ने निकायबाट विदेशी लगानीको समर्थन स्वीकृति वा विदेशी ऋण भित्रिएको मिति पश्चात् रकम र मिति समेत उल्लेख भएको विदेशी लगानीको स्वीकृतिप्राप्त गर्नु पर्नेछ ।

(३) यस्तो रकम विदेशी लगानीको स्वीकृति हुनु पूर्व नै भित्रिने भएतापनि प्रचलित अन्य सम्पूर्ण व्यवस्थाहरु पालना हुने गरी विदेशी लगानीको रुपमा लेखाङ्कन हुनेछ ।

१६. इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकले स्वदेशमा कर्जा प्रवाह गर्ने वा प्रवाह भइसकेको कर्जा सुरक्षण गर्ने प्रयोजनको लागि विदेशी बैंक तथा वित्तीय संस्थाका साथै नियामक निकायबाट स्वीकृतिप्राप्त विदेशी पेन्सन फण्ड, हेज फण्ड, सरकारी/अन्तर-सरकारी स्वामित्वको Development Finance Institutions (DFIs) लगायतका कर्जा प्रवाह गर्ने संस्थाबाट जारी भएको वित्तीय जमानत स्वीकार गर्न सक्नेछ । यस्तो बैंक जमानत वा वित्तीय जमानतको आधारमा नेपालमा कर्जा प्रवाह गर्दा वा प्रवाह भइसकेको कर्जा सुरक्षण गर्दा सोको अन्य सुरक्षण, विदेशी विनिमय लगायत अन्य जोखिम सम्बन्धित वाणिज्य बैंक आफैँले विश्लेषण गर्नु पर्नेछ । कर्जा प्रवाह गर्दा वा प्रवाह भइसकेको कर्जा सुरक्षण गर्दा माथि तालिकाको सि.नं. ६ र ७ मा उल्लिखित प्रयोजनका लागि मात्र हुनु पर्नेछ । यस्तो वित्तीय जमानत जफत भई रकम भित्र्याई पुनः विदेशमा रकम फिर्ता गर्नु पर्ने भएमा यस बैंकको स्वीकृति लिनु पर्नेछ ।[३]

**१७. ऋणदाता र ऋणीको सहमतिमा विदेशी ऋणलाई पूर्ण वा आंशिक रुपमा मिनाहा गर्न चाहेमा सो व्यहोरा खुल्ने कागजात सहित ऋणदाता वा ऋणीले एकाई वा विभागमा निवेदन पेश गर्नु पर्नेछ । यस व्यवस्था बमोजिम प्राप्त भएको निवेदन उपर जाँचबुझ गरी प्रचलित कानुनबमोजिम कर लाग्ने भएमा सम्बन्धित व्यक्तिलाई कर बुझाउन लगाई राष्ट्र बैंकले स्वीकृति प्रदान गर्न सक्नेछ ।**[४]

१८. अन्य शर्तहरू राष्ट्र बैंकले समय समयमा तोके बमोजिम हुने ।

---

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

*Benchmark Interest Rates[१]:

(क) USD मा अंकित नयाँ ऋणको लागि Secured Overnight Financing Rate (SOFR), GBP मा अंकित नयाँ ऋणको लागि Sterling Overnight Interbank Average Rate (SONIA), CHF मा अंकित नयाँ ऋणको लागि Swiss Average Rate Overnight (SARON), JPY मा अंकित नयाँ ऋणको लागि Tokyo Overnight Average Rate (TONA) र EUR मा अंकित नयाँ ऋणको लागि Euro Short-term Rate (€STER)।

(ख) साबिकको ऋण-सम्झौतामा तारिख ३१ डिसेम्बर २०२१ पश्चात् LIBOR को सट्टामा Fallback Provisions व्यवस्था भएको हकमा सोही बमोजिम हुनेछ । तर, त्यस्तो Fallback Provisions मा SOFR, SONIA, SARON, TONA वा €STER उल्लेख भएमा साबिकको LIBOR मा आधारित स्वीकृत मार्जिनमा ऋणदाता र ऋणी दुवैको सहमतिमा अधिकतम All-in-cost 50 basis points मार्जिन थप गर्न सकिनेछ ।

(ग) साबिकको ऋण-सम्झौतामा तारिख ३१ डिसेम्बर २०२१ पश्चात् LIBOR को सट्टामा Fallback Provisions व्यवस्था नभई त्यस्तो ऋण USD मा अंकित भई LIBOR Benchmark ब्याजदर Overnight, 1 month, 3 months, 6 months वा 12 months अवधि भएको हकमा तारिख ३० जुन २०२३ सम्म (त्यस्तो LIBOR Benchmarks प्रकाशन भएको हकमा) साबिक बमोजिम हुनेछ । साथै, त्यस्तो विदेशी ऋण Tough Legacy Contracts अन्तर्गतका GBP तथा JPY मा अंकित भई LIBOR Benchmark ब्याजदर 1 month, 3 months वा 6 months अवधि भएको हकमा तारिख ३१ डिसेम्बर २०२२ सम्म Synthetic Methodology बाट गणना हुने LIBOR (त्यस्तो LIBOR Benchmarks प्रकाशन भएको हकमा) बमोजिम हुनेछ ।

(घ) माथि खण्ड (ख) र (ग) अन्तर्गत नपर्ने साबिकको ऋण-सम्झौताको हकमा तारिख ३१ डिसेम्बर २०२१ पश्चात् LIBOR को सट्टामा साबिककै अवधिसँग मेल खाने SOFR (USD मा अंकित ऋणको लागि), SONIA (GBP मा अंकित ऋणको लागि), SARON (CHF मा अंकित ऋणको लागि), TONA (JPY मा अंकित ऋणको लागि) र €STER (EUR मा अंकित ऋणको लागि) Benchmark Interest Rate लागू हुनेछ र सो गर्दा LIBOR मा आधारित स्वीकृत मार्जिनमा ऋणदाता र ऋणी दुवैको सहमतिमा अधिकतम All-in-cost 50 basis points मार्जिन थप गर्न सकिनेछ ।

# उल्लिखित संशोधन गरिएका शर्तहरु संशोधित व्यवस्था लागू भएपश्चात्का नयाँ ऋण र/वा नवीकरण गरिएका ऋणहरुको हकमा मात्र लागू हुनेछ ।

[१] नेपाल राष्ट्र बैंक व्यवस्थापन समितिको मिति २०७८/०९/२७ मा बसेको ४६०औं बैठकको निर्णयबमोजिम संशोधन भएको ।

## अनुसूची-११
### विनियम ७ को उप-विनियम (२) सँग सम्बन्धित
विदेशी ऋण लिने स्वीकृतिका लागि निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू

क) ऋणदाता र ऋणीबीच भएको ऋण सम्झौताको प्रमाणित प्रतिलिपि । तर, देहायका शर्तहरु पालना भएमा ऋण स्वीकृतिको लागि ऋण सम्झौता पेश गर्न अनिवार्य हुने छैन:[३]

(१) अनुसूची-१० मा उल्लिखित तालिकाको सि.नं. ६ र ७ मा उल्लिखित ऋणको हकमा Term Sheet को प्रमाणित प्रतिलिपि पेश भएमा ।

(२) Term Sheet मा समावेश भएका व्यवस्थाहरुको हदसम्म सो व्यवस्थाहरु र ऋण सम्झौतामा कुनै फरक गर्न पाइने छैन ।

(३) ऋण स्वीकृति भएपश्चात् स्वीकृत ऋणको Drawdown गर्नु पूर्व ऋण सम्झौताको प्रमाणित प्रतिलिपि राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ ।

ख) ऋणदातासम्बन्धी कागजात:

संस्था भएमा:

१) संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२) वास्तविक धनीको विवरण खुल्ने प्रमाणित कागजात,[२]

३) ऋण प्रदान गर्ने सम्बन्धमा सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रमाणित प्रतिलिपि

४) पछिल्लो लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि (तर, अमेरिकी डलर १० लाख वा सो बराबरको विदेशी मुद्राभन्दा कम रकमको ऋणको हकमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन । त्यस्तै, विदेशी ऋणदाताले पेश गर्ने वित्तीय विवरण लेखापरीक्षण गर्न नपर्ने व्यहोराको प्रमाण सहित सञ्चालक समिति/उच्च व्यवस्थापनले तयार गरेको वित्तीय विवरण संलग्न भई आएमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन),

५) विदेशी ऋणको स्रोतसम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि ।

प्राकृतिक व्यक्ति भएमा:

१) राहदानीको प्रमाणित प्रतिलिपि,

२) विदेशी ऋणको स्रोतसम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि ।

*ऋणदाता विदेशी बैंक तथा वित्तीय संस्था, विदेशस्थित सम्बन्धित देशको सरकार वा केन्द्रीय बैंक वा अन्य नियामक निकायबाट कर्जा प्रवाह गर्न स्वीकृति प्राप्त गरेको वित्तीय संस्था, वित्त कम्पनी, पेन्सन फण्ड, हेज फण्ड सरकारी/अन्तर-सरकारी स्वामित्वको संस्था[३] लगायत धितोपत्र बजारमा सूचीकृत संस्था भए माथि खण्ड (ख) मा उल्लिखित कागजातहरू आवश्यक नपर्ने । तर, ऋणदाताको पहिचान खुल्ने कागजात भने पेश गर्नुपर्नेछ ।*

---

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

ग) ऋणीसम्बन्धी कागजात:

संस्था भएमा:

१) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

२) व्यवसाय सञ्चालनको इजाजतपत्रको प्रतिलिपि (आवश्यकतानुसार),

३) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

४) प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि, (धितोपत्र बजारमा सूचीकृत संस्था भए आवश्यक नपर्ने),[२]

५) ऋण लिने सम्बन्धमा सञ्चालक समितिको वा अख्तियारप्राप्त अधिकारीको[३] निर्णयको प्रतिलिपि,

६) *(हटाइएको)*[२]

७) पछिल्लो लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि, (धितोपत्र बजारमा सूचीकृत संस्था भए आवश्यक नपर्ने),[२]

८) पछिल्लो कर चुक्ता/दाखिला प्रमाणपत्रको प्रतिलिपि, (धितोपत्र बजारमा सूचीकृत संस्था भए आवश्यक नपर्ने),[२]

९) कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाण (सम्पूर्ण कागजात सहित निवेदन पेश गर्दा छ महिना व्यतीत नभएको) ।[२]

प्राकृतिक व्यक्ति भएमा:

१) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२) कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाण (सम्पूर्ण कागजात सहित निवेदन पेश गर्दा छ महिना व्यतीत नभएको) ।[२]

घ) स्वीकृत ऋण बैंकिङ्ग प्रणालीबाट प्राप्त हुने प्रतिवद्धता पत्र ।

ङ) विदेशबाटै ऋण लिनुपर्ने आवश्यकता पुष्टि हुने कागजात र ऋण उपभोगको योजना ।

च) विनिमय जोखिम समेतलाई दृष्टिगत गरी ऋण चुक्ता गर्ने आधार खुल्ने कागजात ।

छ) कर्जा प्रवाह हुने तथा भुक्तानी हुने समय तालिका (Time Schedule)।

**तर, विदेशी बैंक तथा वित्तीय संस्था, अन्तर्राष्ट्रिय वित्तीय संस्था लगायतका DFI ले प्रवाह गर्ने ऋणीको आय/आम्दानी भएमा मात्र भुक्तानी गर्नु पर्ने कर्जा (Income Participating Loan) को हकमा भुक्तानी तालिका अनिवार्य हुने छैन ।**[४]

ज) विदेशी मुद्रा अपचलन नगरेको/नगर्ने, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको पालना हुने र प्रचलित कानूनी व्यवस्थाको पालना भएको/हुने स्व:घोषणा ।

झ) राष्ट्र बैंकले तोकिदिएका अन्य आवश्यक कागजातहरू ।

*नोट:*

*१) प्रमाणित भन्नाले नोटरीद्वारा प्रमाणितलाई सम्झनु पर्छ ।*

*२) निवेदक अख्तियारप्राप्त अधिकारी हुनु पर्नेछ ।*

---

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

# अनुसूची-१२

## विनियम ७ को उप-विनियम (४) सँग सम्बन्धित

<u>विदेशी ऋण बापतको विदेशी मुद्रा भित्रिए पश्चात सम्बन्धित बैंक तथा वित्तीय संस्थाले जारी गर्ने प्रमाण</u>

*(To be issued by Head/Corporate Office only, on Letter Head of Certificate Issuing Bank and Financial Institution with following details)*
*Name of Bank and Financial Institution*
*Corporate/Head Office*
*Address:*

*Website:*
*SWIFT Code:*
*Email:*
*Telephone No.:*
*Facsimile No.:*

Date:

Reference Number:
Serial Number:

To,
*Name of Nepali natural person or firm/company/industry having approval of foreign loan*
*Address*

**Subject: Certificate of Foreign Currency Received as Foreign Loan**

Dear Madam/Sir,

This certificate has been issued for inflow of foreign currency pertaining to foreign loan, with following details:

| | | |
|---|---|---|
| 1 | Date of approval by Nepal Rastra Bank | |
| 2 | Approved loan: | |
| | a) Foreign Currency (USD, INR etc.) | |
| | b) Amount | |
| 3 | Registration/citizenship number of Nepali firm/company/industry or natural person, as applicable | |
| 4 | Capital of Nepali firm/company/industry, if applicable: | |
| | a) Authorized | |
| | b) Paid up | |
| 5 | Lender: | |
| | a) Name | |
| | b) Address | |
| 6 | Foreign currency remitted by lender | |
| 7 | Equivalent Nepali Rupees | |
| 8 | Agency bank: | |
| | a) Name | |
| | b) Date of fund received | |
| 9 | Inflow of funds: ...........(Country(ies)).[३] | |

<u>Seal/Stamp:</u>

| <u>Authorized Signatory</u> | | <u>Authorized Signatory</u> | |
|---|---|---|---|
| Name: | | Name: | |
| Designation: | | Designation: | |
| Signature: | | Signature: | |
| Email | | Email | |
| Telephone /Cell No.: | | Telephone /Cell No.: | |

<u>Copy to</u>:
1. Nepal Rastra Bank, Central Office, Foreign Exchange Management Department, Baluwatar, Kathmandu.
2. Foreign investment approving entity or related agency, as applicable.

---

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

## अनुसूची-१३

### विनियम ८ को उप-विनियम (१) सँग सम्बन्धित

विदेशी ऋणको लेखाङ्कनका लागि पेश गर्नुपर्ने कागजात

१. राष्ट्र बैंकले प्रदान गरेको विदेशी ऋण स्वीकृति पत्रको प्रतिलिपि,

२. विदेशी ऋण बापतको विदेशी मुद्रा नेपाल भित्रिएको सम्बन्धमा बैंक तथा वित्तीय संस्थाबाट जारी भएको प्रमाणको प्रतिलिपि तथा System Generated प्रमाण,

३. पछिल्लो लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि, (धितोपत्र बजारमा सूचीकृत संस्था भए आवश्यक नपर्ने),[२]

४. पछिल्लो कर चुक्ता वा कर विवरण पेश गरेको प्रमाणको प्रतिलिपि, (धितोपत्र बजारमा सूचीकृत संस्था भए आवश्यक नपर्ने),[२]

५. विदेशी ऋण लेखाङ्कन गर्ने सम्बन्धमा सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रतिलिपि,

६. *(हटाइएको)* [२]

७. ऋण भुक्तानी तालिका (Repayment Schedule) को प्रमाणित प्रतिलिपि ।

**तर, विदेशी बैंक तथा वित्तीय संस्था, अन्तर्राष्ट्रिय वित्तीय संस्था लगायतका DFI ले प्रवाह गर्ने ऋणीको आय/आम्दानी भएमा मात्र भुक्तानी गर्नु पर्ने कर्जा (Income Participating Loan) को हकमा अनिवार्य हुने छैन ।**[४]

८. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सिफारिस वा सम्बन्धित निकायको स्वीकृतिपत्र (उपलब्ध भएमा) ।

*नोटः*

*१) प्रमाणित भन्नाले नोटरीद्वारा प्रमाणितलाई सम्झनु पर्छ ।*

*२) निवेदक अख्तियारप्राप्त अधिकारी हुनु पर्नेछ ।*

*३) ऋणी प्राकृतिक व्यक्ति भएमा बुँदा नं. ३, ४ र ५ मा उल्लिखित कागजात आवश्यक नपर्ने ।*

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

## अनुसूची-१४

## विनियम ८ को उप-विनियम (१) सँग सम्बन्धित

विदेशी ऋणको लेखाङ्कनका लागि पेश गरिने निवेदन

Date:

Nepal Rastra Bank
Central Office
Foreign Exchange Management Department
Baluwatar, Kathmandu, Nepal

**Subject: Application to Record Foreign Loan**

Dear Madam/Sir,

We hereby apply for recording the foreign loan and approval of repayment schedule[३] with following details:

| | | |
|---|---|---|
| 1 | Lender: | |
| | a) Name | |
| | b) Address | |
| 2 | Approved Amount of Foreign Loan, including Foreign Currency | |
| 3 | Previously Recorded Foreign Loan, including Foreign Currency | |
| 4 | Foreign Loan to be recorded vide this application, including Foreign Currency | |
| 5 | Inflow of Foreign Loan | |
| | a) Date | |
| | b) Name of Bank and Financial Institution | |
| | c) Amount in Foreign Currency | |
| 6 | Other information, as applicable/required | |
| 7 | Inflow of funds from:..........(Country(ies)).[३] | |

Attached are the documents required for recording foreign loan as per the Bylaw 8 and repayment schedule.[३]

Seal/Stamp:

| | |
|---|---|
| Signature: | |
| Name: | |
| Designation: | |
| Institution: | |
| Email: | |
| Website: | |
| Telephone/ Cell No.: | |

*Note:*
*This information can be submittted electronically to the following email ID: fxmd_foreignloan@nrb.org.np*

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको ।

# अनुसूची-१५

## विनियम ८ को उप-विनियम (३) सँग सम्बन्धित

विदेशी ऋण लेखाङ्कनको प्रमाणपत्र

पत्रसंख्याः ........... च.नं....... मिति :

श्री ...................................

.........................................

विषयः- विदेशी ऋण लेखाङ्कन गरिएको सम्बन्धमा ।

महाशय,

यस बैंकको प.सं. ...................... मिति ................. को पत्रबाट तहाँलाई देहायबमोजिम विदेशी मुद्रामा ऋण लिन स्वीकृति प्रदान गरिएको रकम ......................... मध्ये हालसम्म देहायबमोजिमको विदेशी मुद्राको ऋण भित्र्याएको देखिएकोले सोाबमोजिम विदेशी ऋण लेखाङ्कन गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**ऋण लेखाङ्कनको विवरण**

| सि. नं. | ऋणदाताको नाम र ठेगाना (देश सहित) | स्वीकृत विदेशी मुद्राको ऋण रकम (मुद्रा .......) | यस अघि लेखाङ्कन भएको विदेशी मुद्राको ऋण रकम (मुद्रा......) | हाल लेखाङ्कन गरिएको विदेशी मुद्राको ऋण रकम (...........मुद्रा) | हालसम्म लेखाङ्कन भएको विदेशी मुद्राको कुल ऋण रकम (.........मुद्रा) | ऋण रकम नेपाल भित्रिएको विवरण | | | रकम पठाउने देश वा देशहरू[२] |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मिति | बैंक तथा वित्तीय संस्था | वि.मु. रकम | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

भवदीय

( ..................... )

अधिकृतस्तर[२]

---

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

# अनुसूची-१६

## विनियम ९ को उपविनियम (२) सँग सम्बन्धित

विदेशी ऋण भुक्तानीको लागि आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधाका लागि आवश्यक पर्ने कागजातहरू

१. राष्ट्र बैंकमा विदेशी ऋण लेखाङ्कन भएको (भुक्तानी तालिकाको स्वीकृति समेत) प्रमाणको प्रतिलिपि,[२]

२. पछिल्लो लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

३. पछिल्लो कर चुक्ता वा कर विवरण पेश गरेको प्रमाणको प्रतिलिपि,

४. ऋणी कर्जा सूचना केन्द्रको कालोसूची नरहेको प्रमाण (सम्पूर्ण कागजात सहित निवेदन पेश गर्दा छ महिना व्यतीत नभएको),[२]

५. नेपालका बैंक तथा वित्तीय संस्थामा भाखा नाघेको कर्जा नभएको स्वःघोषणा,

६. विदेशी मुद्रा अपचलन नगरेको/नगर्ने, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको पालना हुने र प्रचलित कानूनी व्यवस्थाको पालना भएको/हुनेसम्बन्धी स्वःघोषणा,

७. ब्याज भुक्तानी गर्दा सो रकममा नियमानुसार लाग्ने अग्रिम आयकर दाखिला गरेको प्रमाण ।

*नोटः*

*१) निवेदक अख्तियारप्राप्त अधिकारी हुनु पर्नेछ ।*

*२) ऋणी प्राकृतिक व्यक्ति भएमा बुँदा नं. २ र ३ मा उल्लिखित कागजात आवश्यक नपर्ने ।*

*३) बुँदा नं. २ र ३ मा उल्लिखित कागजात एक पटक पेश भइसके पश्चात् सोही कागजात पुनः पेश गर्नु पर्ने छैन । बुँदा नं. ४ मा उल्लिखित कागजात ६ महिना व्यतीत नभई पुनः पेश गर्नु पर्ने छैन ।* [२]

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

## अनुसूची-१६क.[४]

विनियम ९क. को उपविनियम (६) सँग सम्बन्धित

विदेशमा लगानीको सटही सुविधाको लागि पेश गर्नु पर्ने कागजात

**(क) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ बमोजिम विदेशमा लगानी गर्न पाउने गरी छुट प्राप्त उद्योगको हकमा:**

१) आवेदक संस्थाको दर्ता सम्बन्धी कागजातको प्रतिलिपि,
२) आवेदक संस्थाको स्थायी लेखा नम्बर दर्ता कागजातको प्रतिलिपि,
३) आवेदक संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण,
४) आवेदक संस्थाको पछिल्लो आर्थिक वर्षको कर चुक्ता/दाखिला प्रमाणपत्रको प्रतिलिपि,
५) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ बमोजिम विदेशमा लगानी गर्न पाउने गरी छुट प्रदान भएको सम्बन्धी नेपाल राजपत्रमा प्रकाशित सूचना,
६) सटही सुविधा माग गर्ने सम्बन्धमा संस्थाको सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रतिलिपि,
७) प्रचलित सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरु पालना भएको/हुने र सो नभएमा सम्पूर्ण जिम्मेवारी वहन गर्ने सम्बन्धमा संस्थाको सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रतिलिपि,
८) सटही सुविधाबापतको रकम विदेशमा प्राप्त गर्ने वेनेफिसियरीको नाम, ठेगाना, बैंक खाता नम्बर लगायतको विवरण ।

**ख) औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुनबमोजिम सूचना प्रविधि उद्योगको हकमा:**

१) आवेदक संस्थाको दर्ता सम्बन्धी कागजातको प्रतिलिपि,
२) आवेदक संस्थाको स्थायी लेखा नम्बर दर्ता कागजातको प्रतिलिपि,
३) आवेदक संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण,
४) आवेदक संस्थाको पछिल्लो आर्थिक वर्षको कर चुक्ता/दाखिला प्रमाणपत्रको प्रतिलिपि,
५) आवेदक संस्थाको प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,
६) आवेदक संस्थाको कम्पनी रजिष्ट्रारको कार्यालयबाट अद्यावधिक शेयरधनी र सञ्चालक दर्ता लगतको प्रतिलिपि,
७) आवेदक संस्थाको नेपालका बैंक तथा वित्तीय संस्थामा भाखा नाघेको कर्जा नभएको स्व:घोषणा,
८) सटही सुविधा माग गर्ने सम्बन्धमा संस्थाको सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रतिलिपि,
९) प्रचलित सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरु पालना भएको/हुने र सो नभएमा सम्पूर्ण जिम्मेवारी वहन गर्ने सम्बन्धमा संस्थाको सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीको निर्णयको प्रतिलिपि,
१०) सटही सुविधाबापतको रकम विदेशमा प्राप्त गर्ने वेनेफिसियरीको नाम, ठेगाना, बैंक खाता नम्बर लगायतको विवरण,
११) हाल कायम रहेको विदेशी संस्थामा हुने लगानीको हकमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र, पछिल्लो लेखापरीक्षण प्रतिवदेन, र वास्तविक धनी सम्बन्धी नोटरीबाट प्रमाणित कागजात,
तर, धितोपत्र बजारमा सूचीकृत संस्थाको हकमा आवश्यक नपर्ने । साथै, सम्बन्धित देशको कानुनबमोजिम लेखापरीक्षण गर्नु नपर्ने भएमा सो प्रमाणित हुने कागजात सहित लेखापरीक्षण नभएको वित्तीय विवरण पेश गर्न यस बुँदाले बाधा पुऱ्याएको मानिने छैन ।

---

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको ।

१२) आवेदक संस्था, संस्थाको शेयरधनी, सञ्चालक समितिको सदस्य, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव, वा वास्तविक धनी कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाण (सम्पूर्ण कागजात सहित निवेदन पेश गर्दा छ महिना व्यतीत नभएको),

१३) आवेदक संस्थाको शेयरधनी, सञ्चालक समितिको सदस्य, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव वा वास्तविक धनीको प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भइसकेको (प्रमाण पेश गर्नु पर्ने),

१४) आवेदक संस्थाको शेयरधनी, सञ्चालक समितिको सदस्य, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव वा वास्तविक धनी १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक भएको, मानसिक सन्तुलन ठीक भएको, ऋण तिर्न नसकी साहूको दामासाहीमा नपरेको, बैंक वा वित्तीय संस्थासँगको कुनै कारोबारमा कालोसूचीमा परेको भए त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको, प्रचलित कानुनबमोजिम कर तिर्नु पर्ने दायित्व भएमा त्यस्तो कर चुक्ता/दाखिला गरेको, नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको भए त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष पुगेको, भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको भए त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष पुगेको, कुनै सरकारी वा सार्वजनिक सेवाको पदमा बहाल नरहेको, बैंक तथा वित्तीय संस्थाको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा प्रमाणित नभएको र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरमा सजाय नपाएको हुनु पर्नेछ। यस सम्बन्धी स्वःघोषणा पेश गर्नु पर्नेछ।

# अनुसूची-१७

## विनियम १२ सँग सम्बन्धित

<u>बैंक तथा वित्तीय संस्थाले पेश गर्ने विवरण</u>

क) <u>विदेशी लगानी हुने उद्योगका लागि सम्भाव्यता अध्ययन खर्च र पूर्व सञ्चालन खर्च बापतको विदेशी मुद्रा भित्रिएको सम्बन्धी विवरण</u>

Name of reporting Bank and Financial Institution:
Report date:
Report for the period:

| S.N. | Details of Fund Remitter | | | | Details on Fund Recipient | | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Name | Country | Financial institution | Amount in FCY | Name of agency bank | Date of fund deposited in beneficiary's account | Account name of beneficiary | Address of beneficiary (Province and Local level) | Account number of beneficiary | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

ख) <u>विदेशी लगानीको स्वीकृति पश्चात भित्रिएको विदेशी मुद्राको विवरण</u>

Name of reporting Bank and Financial Institution:
Report date:
Reporting period:

| S.N | Foreign investor | | Fund remitter | | | Foreign investment approved and inflow amount | | | | Beneficiary | | Foreign investment approval | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Name | Country | Name | Country | BFI | Approved amount (in NPR) | Date of deposit | Amount in FCY | Equivalent in NPR | Name | Account Number | Approving Entity | Date of approval | Name of industry/ company | Address | Fixed Capital | Working Capital | Category of industry/ company (service, tourism etc.) | Scale of industry/company (small, medium, large etc.) | Proportion of foreign investment | Number of approved employees |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |

ग)   विदेशी लगानी तथा आर्जित रकम फिर्ताका लागि नेपालबाट बाहिरिएको विदेशी मुद्राको विवरण

Name of reporting Bank and Financial Institution:
Report date:
Reporting period:

| S.N. | Nepali company/industry | | Repatriation Approval | | Actual repatriation | | | Fund remitter's | | Beneficiary's | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Name | Address | Amount (in NPR) | NRB's approval date | Date | Amount in NPR | Equivalent amount (in FCY) | Account name | Account number | Name | Country | Bank and financial institution | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

घ)   विदेशी ऋणको स्वीकृति पश्चात भित्रिएको विदेशी मुद्राको विवरण

Name of reporting Bank and Financial Institution:
Report date:
Reporting period:

| S.N. | Loan Approval | | | Borrower | | | | Lender | | Fund remitting | | Loan inflow | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Date | Amount (in FCY) | Interest rate | Name | Address | Account name | Account number | Name | Country | Country | BFI | Agency bank | Date | Amount in FCY | Equivalent amount in NPR | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

ङ)   विदेशी ऋण भुक्तानीको लागि नेपालबाट बाहिरिएको विदेशी मुद्राको विवरण

Name of reporting Bank and Financial Institution:
Report date:
Reporting period:

| S.N. | Repayment date | Borrower | | | | Lender | | | Repayment Amount | | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Name | Address | Account Name | Account Number | Name | Country | BFI | Principal, in FCY | Interest, in FCY | Fees, charges etc., if any, in FCY | Total, in FCY | Total Equivalent, in NPR | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

Reporting address: fxmd_ossc@nrb.org.np,[२]

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

**अनुसूची-१८**
**विनियम १४ सँग सम्बन्धित**
अख्तियारको प्रत्यायोजन

| क्र.सं. | विषय शीर्षक | अख्तियार प्राप्त अधिकारी र रकमको सीमा (अमेरिकी डलरमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | एकाई वा विभागका सम्बन्धित उप-निर्देशक[२] | विभागका सम्बन्धित निर्देशक | विभागका कार्यकारी निर्देशक | डेपुटी गभर्नर | गभर्नर |
| १ | शेयर स्वामित्व परिवर्तन भई गरिने विदेशी लगानीबापतको विदेशी मुद्रा नेपाल पठाउन वा भित्र्याउने स्वीकृति तथा विदेशी लगानीको समर्थन-स्वीकृति एवम् लेखाङ्कन[२] | - | - | १० लाखसम्म | ५० लाखसम्म | सोभन्दा माथि |
| २ | स्वीकृत विदेशी लगानीबापत भएको विदेशी लगानीको लेखाङ्कन (थप र सो पूर्व भित्रिएको विदेशी मुद्राको जोड हुने गरी)[२] | २० लाखसम्म | ५० लाखसम्म | १ करोडसम्म | सोभन्दा माथि | - |
| ३ | स्वीकृत विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजान विदेशी मुद्राको सटही स्वीकृति (विदेशी लगानी स्वीकृत गर्ने निकायको स्वीकृति भएमा) | ५ लाखसम्म | १ करोडसम्म | ५ करोडसम्म | १० करोडसम्म | सोभन्दा माथि |
| ४ | सम्बन्धित निकायको स्वीकृति/सिफारिसको आधारमा रकम फिर्ता लैजान विदेशी मुद्राको सटही सुविधाको स्वीकृति (विदेशी लगानी स्वीकृत गर्ने निकायको स्वीकृति नभएमा) | - | - | ५ करोडसम्म | १० करोडसम्म | सोभन्दा माथि |
| ५ | विदेशी लगानी स्वीकृत गर्ने निकाय वा सम्बन्धित निकायको स्वीकृति/सिफारिस उपलब्ध नहुने प्रकृतिको कारोबार वा शाखा कार्यालयहरूमार्फत हुने कारोबारसँग सम्बन्धित सटही सुविधाको स्वीकृति | - | - | ५ करोडसम्म | १० करोडसम्म | सोभन्दा माथि |
| **५क** | **स्वीकृत भएको विदेशी लगानीभन्दा बढी भित्रिएको रकम फिर्ता गर्न स्वीकृति प्रदान गर्ने अख्तियारी विभागका कार्यकारी निर्देशकमा रहनेछ।**[४] | | | | | |
| **५ख** | **गैर आवासीय नेपालीले संयुक्त लगानीको इन्भेष्टमेण्ट कम्पनीको शेयर खरिदको लागि गरेको आवेदनबमोजिम शेयर बाँडफाँट पश्चात् आवेदन नपरेको वा आंशिक आवेदन परी बाँकी रहेको रकम फिर्ता गर्न स्वीकृति प्रदान गर्ने अख्तियारी विभागका कार्यकारी निर्देशकमा रहनेछ।** [४] | | | | | |
| ६ | विदेशी ऋणको स्वीकृति, तोकिएको ब्याजदरको सीमाभित्रको शुल्क/खर्च भुक्तानीको स्वीकृति तथा विदेशी ऋणको समर्थन-स्वीकृति एवम् लेखाङ्कन (भुक्तानी तालिका तथा स्थिर ब्याजदरको स्वीकृति समेत)[२] | - | - | १० लाखसम्म | ५० लाखसम्म | सोभन्दा माथि |
| ७ | स्वीकृत विदेशी ऋणबापत भित्रिएको विदेशी मुद्राको लेखाङ्कन तथा भुक्तानी तालिकाको स्वीकृति (भित्रिएको प्रत्येक रकम बमोजिम अख्तियारीको सीमा हुने गरी)[२] | २० लाखसम्म | ५० लाखसम्म | १ करोडसम्म | सोभन्दा माथि | - |
| ८ | स्वीकृत विदेशी ऋण भुक्तानीका लागि विदेशी मुद्राको सटही स्वीकृति (सामान्य अवस्थामा बैंक तथा वित्तीय संस्थाबाटै सटही सुविधा उपलब्ध हुने), **Income Participating Loan समेत**[४] | ५ लाखसम्म | १ करोडसम्म | ५ करोडसम्म | १० करोडसम्म | सोभन्दा माथि |

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको बैठक (बैठक संख्या ३६/२०७९) को निर्णयबमोजिम संशोधन भएको।

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको।

| | |
|---|---|
| ९ | विनियमावली लागू हुनु पूर्व राष्ट्र बैंकबाट समयसीमा उल्लेख गरी विदेशी लगानीबापतको रकम भित्र्याउन स्वीकृति प्रदान भएको हकमा त्यस्तो स्वीकृतिमा उल्लिखित अन्य सम्पूर्ण व्यहोरा तथा शर्तहरु कायम रहने गरी समयसीमा थप गर्ने अख्तियारी एकाई वा विभागका सम्बन्धित उप-निर्देशकमा रहनेछ।[३] |
| **१०** | **विदेशी ऋणको नवीकरण गर्न र ऋण भुक्तानी तालिकामा संशोधन गर्न स्वीकृति प्रदान गर्ने अख्तियारी विभागका कार्यकारी निर्देशकमा रहनेछ।**[४] |
| **११** | **विदेशी ऋणको अग्रिम भुक्तानी गर्न स्वीकृति प्रदान गर्ने अख्तियारी विभागका कार्यकारी निर्देशकमा रहनेछ।** [४] |
| **१२** | **विदेशी ऋण मिनाहा सम्बन्धी स्वीकृति प्रदान गर्ने अख्तियारी डेपुटी गभर्नरमा रहनेछ।** [४] |
| **१३** | **विदेशमा लगानी गर्न सटही सुविधा प्रदान गर्ने अख्तियारी गभर्नरमा रहनेछ।** [४] |

[४] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८२/०२/१९ मा बसेको बैठक (बैठक संख्या ६/२०८२) को निर्णयबमोजिम संशोधन भएको।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०८०/१०/१० मा बसेको बैठक (बैठक संख्या ३५/२०८०) को निर्णयबमोजिम संशोधन भएको।